मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

**वैभव** शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - ऐतिहासिक तर उपेक्षीत पर्साको पारसनाथ महादेव
**अनुप अधिकारी** - विकासका लागि जनसङ्ख्या तथ्याङ्कको महत्त्व
**नारायण गाउँले** - खाद्यान्नमा अब कृषि–क्रान्ति सम्भव छैन !
**किरण दहाल/आमोद प्याकुरेल** - आलोचक हुँदै अहिले ट्रम्पका सच्चा समर्थक बनेका भ्यान्स
**अकबर हुसैन** - हसिनाको सत्ता ढाल्न आन्दोलन गर्ने महिलाहरू

वर्ष २ ● अंक २७६ ● २०८१ साल भाद्र ०८ गते शनिबार ● Saturday 24, August 2024 ● सूर्योदयः बिहान ५:४१ बजे ● सूर्यास्तः साँझ ६:३४ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## चार बुँदे सहमतिपछि अनशन तोडियो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा र सिरहा जोडने कमला नदीमा नयाँ पुल निर्माण गर्ने मधेश सरकारसँग सम्झौता भएपछि युवा समूहको आमरण अनशन तोडिएको छ । आमरण अनशन बसेको चौथो दिन मुख्यमन्त्री सतिश कुमार सिंहले अनशनरत नयाँ कमला पुल निर्माण संघर्ष समिति सिरहा–धनुषासँग पुल निर्माणका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने र यो वर्ष नै डिपिआर गर्ने सहमति गरेपछि १० जनाकै अनशन तोडिएको हो ।
प्रदेश सरकार र संघर्ष समितिबीचमा विभिन्न चरणमा वार्ता भएर नयाँ कमला पुल निर्माण गरिने, नयाँ कमला पुलका लागि आवश्यक बजेट आव २०८२–८३ को वार्षिक बजेट संघ सरकारबाट राख्न पहल गर्ने, नभए सम्पूर्ण बजेट मधेश प्रदेश सरकारको स्रोतबाटै बेहोर्ने, मंसिर १ गतेभित्र पुल निर्माणको डिपिआर तयारीका लागि बोलपत्र आह्वान गरिने र नयाँ कमला पुल निर्माण संघर्ष समिति सिरहा–धनुषाको संघर्षका सम्पूर्ण कार्यक्रम आजैका मितिबाट स्थगित गरिने सम्झौता भएको
हो ।
शुक्रबार बिहान धनुषाको एउटा सार्वजनिक कार्यक्रममा सहभागी भएका गृहमन्त्री रमेश लेखकले समेत सार्वजनिक मञ्चबाट युवा समूहलाई अनशन तोडन आग्रह गरेका थिए ।
मंगलबारदेखि कमला नदीमा नयाँ पुल निर्माण माग गर्दै मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि युवा समूह आमरण अनशन बसेका थिए । सिरहा नगरपालिकाका इन्जिनियर प्रवीणकुमार यादवको नेतृत्वमा औरही गाउँपालिका–३ का वडाध्यक्ष जिवछ यादव, सिरहा नगरपालिकाका–४ का वडाध्यक्ष सम्साद आलम, औरही–४ का वडाध्यक्ष सुरेन्द्र यादव, सिरहा–६ का वडाध्यक्ष ईन्द्रजीत यादव, सिरहा पुस्तकालयका कार्यबाहक अध्यक्ष भोगेन्द्र साह, इञ्जिनियर शिवशंकर यादव, शैलेश गोइत, हिन्दुसम्राट सेनाका मनिषकुमार यादव, सिरहा–८ का वडासदस्य रुपेश कुमार यादव आमरण अनशन बसेका थिए ।
संघीयतापश्चात हाम्रो अभिभावकत्व प्रदेश सरकारले स्वीकार्नुपर्छ भन्दै उनीहरु जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गेटअगाडि टेन्ट बनाएर अनशन बसेका थिए ।

## बस दुर्घटनामा मर्नेको संख्या २७ पुग्यो

**मधेशदृष्टि**
**तनहुँ ।**
आँबुखैरेनी गाउँपालिका वडा नम्बर २, ऐनापहारा नजिकै भएको बस दुर्घटनामा मृत्यु हुनेको संख्या २७ पुगेको छ । पोखराबाट काठमाडौँका लागि छुटेको ४३ जना सवार युपी ५३ एफटी ७६२३ नम्बरको भारतीय बस शुक्रबबार बिहान ऐना पहरानजिकबाट मस्र्याङ्दी नदीमा खसेको हो ।
दुर्घटनामा गम्भीर घाइते १६ जनालाई उपचारका लागि सेनाको हेलिकप्टरमार्फत काठमाडौँ पठाइएको छ भने बाँकी सबैको मृत्यु भएको तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताए । 'गम्भीर घाइते १६ जनालाई हेलिकप्टरमार्फत दुईपटक गरेर काठमाडौँ पठाइयो भने बाँकी सबैको मृत्यु भएको छ,' गौतमले भने, 'शुरुमा १४ र पछि १३ जनाको मृत्यु भएको हो ।' मृत्यु भएकाहरु भारतीय नागरिक हुन् भने उनीहरुको परिचय खुल्न बाँकी छ ।
पोष्टमार्टमपछि परिवारलाई बुझाइने
मस्र्याङ्दी नदीमा खसेर मृत्यु भएका भारतीय नागरिकको पोखरामा पोस्टमार्टम गरेर मात्र परिवारलाई शव बुझाइने तयारी गरिएको छ । ४३ भारतीय पर्यटक सवारी बस ऐना पहरा नजिकैबाट मस्र्याङ्दी नदीमा खस्दा मृत्यु हुनेको संख्या २७ पुगेको छ । तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले मृत्यु भएका २७ जनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शव पोस्टमार्टम गरेर आफन्त तथा परिवारलाई बुझाइने बताए । शव पोखरा लगिएको छ । तनहुँको दमौलीमै पोस्टमार्टम हुने भए पनि भारतीय दूताबासको आग्रहमा पोखरा पठाउन लागिएको हो । पोखरा भारतीय दूताबासको कन्सुलर कार्यालय रहेकाले पनि उनीहरुले ल्याउन चाहेको बताइएको छ ।

### दुर्घटनामा पर्नेहरूको सूची यस्तो छः

अनंत ओंकर ईंगके, सिमा अनंत ईंगदे, सुहास राणे, शरण राणे, चंदना सुहास राणे, सुनिल जगन्नाथ धांडे, निलिमा सुनिल धांडे, तुल्सीराम बुधो तायडे, सरल तुर्काशराम तायडे, आशा समाधान बावस्कर, रेखा प्रकाश सुखाडे, प्रकाश नथु सुखाडे, मंगल विलास राणे, सुधाकर बलिराम जानके, रोहिणी सुधारकर जावके, विजया कुडु जावके, सागर कुडु जावके, भारती प्रकाश जावके, संदिप राजाराम सरोदे, पल्लवी संदिप सरोदे, हेमराज राजाराम सरोदे, रुपाली हेमराज सरोदे, अनुप हेमराम सरोदे, गणेश पाँडुरंग भारवे, सुलभा पाँडुरंग भारवे, मिलन गणेश भारवे, पुरी गणेश भारवे, शारदा सुनिल पाटील, कुमुदिनी रिवन्द्र, निलिमा चन्द्रकाला, ज्ञानेश्वर नामदेव बोडे,आशा ज्ञानेश्वर बोडे, आशा पाँडुरंग पाटील, सरोज मनोज भारुक, पंकज भागवत भंगादे, वर्षा पंकज भंगादे, प्रविण पाँडुरंग पाटील, अविनाश भागवत पाटील, अनिता अविनाश पाटील, मुर्तीजा, रामजित ।



## गुडिरहेको ट्रकमाथि ढुंगा पल्टियो

नारायणगढ मुग्लिन सडकको भरतपुर महानगरपालिका–२९ सत्रकिलोमा गुडिरहेको बसमाथि शुक्रबार दिउँसो अचानक ढुंगा खस्दा बस अनियन्त्रित भइ सडकमा पल्टेको छ ।
बस पल्टँदा २५ यात्रु घाइते भएका छन् । घाइतेमध्ये दुईजनाको अवस्था गम्भीर रहेको चितवन प्रहरीले जनाएको छ । रौतहट गौरबाट पोखरा जाँदै गरेको ग २ ख ४७ नम्बरको बसमाथि दिउँसो पौने दुई बजेतिर ढुंगा खसेको चितवन जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी भेषराज रिजालले बताए ।
घाइतेहरूको भरतपुरको सरकारी अस्पताल, पुरानो मेडिकल कलेज र नयाँ मेडिकल कलेजको शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।
सत्रकिलोमा यसअघि बुधबार बिहान काठमाडौँबाट भरतपुर आउँदै गरेको माइक्रोबसमाथि ढुंगा खस्दा दुई यात्रु सामान्य घाइते भएका थिए । गएको असार २८ गते बिहानपख यही ठाउँमा बसमाथि ढुंगा खस्दा चालकको निधन भएको थियो ।

## मुसहरले बुझाए ज्ञापनपत्र

**मधेशदृष्टि**
**सिरहा ।**
गृहमन्त्री रमेश लेखकलाई यहाँका दलित मुसहर समुदायले नागरिकतासम्बन्धी समस्या समाधानका लागि शुक्रबार ज्ञापनपत्र बुझाएका छन् । लहान नगरपालिकाको सभाकक्षमा आयोजित कार्यक्रमबीच 'सवरी सङ्कल्प समाज' नामक गैरसरकारी संस्थाका अगुवाले गृहमन्त्री लेखकलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा मुसहर समुदायलाई नेपालका आदिवासी घोषित गर्नुपर्ने, वङ्शजका आधारमा नेपाली नागरिकता दिनुपर्ने, मुसहर समुदायका भूमिहीन सुकुम्बासीलाई खेतीयोग्य जमीन र घरबासको व्यवस्था गर्नुपर्नेलगायतको पाँचबुँदे माग रहेको छ । ज्ञापनपत्र बुझ्दै गृहमन्त्री लेखकले मुसहर समुदायको समस्यालाई गम्भीरतापूर्वक अध्ययन गर्ने र समस्या समाधानका लागि पहल गर्ने बताए ।
अधिकारकर्मी अरुण सदायले ज्ञापनपत्र बुझाउँदै मुसहर समुदाय पछाडि पर्नुमा राज्यको विभेदकारी नीति र अन्यायपूर्ण सामाजिक आर्थिक संरचना नै मुख्य कारक रहेको बताए । साथै उनले दलित समुदायभित्रको अति सीमान्तकृत समुदायको रुपमा रहेको मुसहर जातिको सामाजिक, राजनितिक, आर्थिक, शैक्षिक उत्थान नभएसम्म समृद्ध राष्ट्रको कल्पना गर्न नसकिने बताए । मधेश प्रदेशमा मुसहर समुदायको संख्या दुई लाख ४७ हजार पाँच सय ५५ छ । अधिकांश मुसहर समुदायका नागरिक नागरिकताविहीन छन् ।

## वीरगंजमा विद्युतीय कार बीवाईडीको सोरुम सञ्चालनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा प्रिमियम चाइनिज ब्रान्ड बीवाईडीका विद्युतीय कारको बिक्री सुरु भएको छ । निरज अटोमोबाइल प्रा.लि वीरगंजले सोरुम स्थापना गरेर सो कारको बिक्री–वितरण वीरगंजको गण्डक बाट सुरु गरेको छ । सोरुमको उद्घाटन कार्यक्रम निरज अटोमोबाइलका निरज सरार्फ, पंकज अग्रवाल, उत्तम अग्रवालले संयुक्त रुपमा रिबन काटेर सोरुमको उद्घाटन गरेका छन् । निरज अटोमोबाइल प्रा.लि.का अध्यक्ष आकाश सरार्फका अनुसार बीवाईडी परिवारको हिस्सा हुँदा हामी उत्साही भएको बताए । बीवाईडीमा हामी नयापन, दिगोपना अवस्मर्णिय भविस्यलाई आकार दिन प्रतिवद्ध समेत रहेको उनले बताए । गाडी वातावरण मैत्री भएको हुँदा अत्यधिक रुचाइएको छ ।
विद्युतीय गाडी चलाउन पनि सहज, खर्च पनि कम र यात्रा पनि आरामदायी हुने बताए । आवश्यकता अनुसार चार्ज गरेर चलाउन सकिने र एक पटक फूल चार्ज भएमा ४ सयदेखि ५ सय २० किलोमिटरसम्मको यात्रा सहज रुपमा गर्न सकिने उनले जानकारी दिए ।
बीवाईडीका आधिकारिक बिक्रेता इमेक्स इन प्रा.लि.का सेल्स हेड आशुतोष गौतमले अहिले १५ वटा भन्दा बढी बीवाईडी शोरूमहरु सञ्चालनमा ल्याइएको छ र विस्तारै नेपालभरी थप शोरूम सञ्चालन गर्ने योजना रहेको त्यसले इभीएसलाई नेपालभरी नै बढी पहुँच योग्य बनाउने विश्वास व्यक्त गरे । त्यस्तै उन्ले चार्जिङ नेटवर्कः कम्पनीले ३३ डिसी फास्ट चार्जर्स स्थापना गरेको छ र २०२४ को अन्त्यसम्म यसलाई १०० भन्दा बढीमा स्थानमा विस्तार गर्ने योजना बनाएको छ, यसले निजी क्षेत्रको सबैभन्दा ठूलो चार्जिङ नेटवर्क अपरेटरको स्थान प्राप्त गरेको बताए ।
बीवाईडी, १९९५ मा स्थापित भएको, एक प्रमुख विश्वव्यापी ब्रान्ड हो जसले नयाँ ऊर्जा वाहन (एनइभी) मा अग्रणी प्रगति गरेको छ । ७० भन्दा बढी देश र ४०० शहरमा उपस्थित बीवाईडीले एनइभी क्षेत्रमा महत्वपूर्ण स्थान बनाएको छ ।
नेपालमा ४५०० भन्दा बढी बीवाईडी सवारी सञ्चालनमा छन् र साइमेक्स इन प्रा. लि एसिया प्यासिफिक मेजर कन्ट्रिव्युसन डिस्ट्रिव्युटर र सेल्स कन्ट्रिव्युसन अवार्ड जस्ता मान्यता प्राप्त गरेको छ ।

## राजनीतिक स्थायित्व प्रदान गर्न सत्ता गठबन्धनः गृहमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृहमन्त्री रमेश लेखकले मुलुकमा राजनीतिक स्थायित्व प्रदान गर्न गठबन्धन निर्माण भएको बताएका छन् । उनले अहिलेको गठबन्धन सफल बनाउने दायित्वसमेत राजनीतिक दलहरुको रहेको बताए ।
जिल्ला प्रशासन कार्यालय धनुषाको नयाँ भवनको शुक्रबार शिलान्यास गर्दै गृहमन्त्री लेखकले नेपाली कांग्रेस र नेकपा एमाले एकठाउँमा आएर सरकार निर्माण गर्दा मुलुकमा व्याप्त समस्या समाधान गर्न सहज भएको बताए । दुई ठूला दल एकठाउँमा आएर सरकार निर्माण गर्दा मुलुकमा व्याप्त समस्या समाधान गर्न सहज हुने उनको भनाइ छ ।
गृहमन्त्री लेखकले दुई ठूला दलको समीकरणबाट निर्माण भएको सरकारले देशलाई नयाँ आयामतर्फ लैजाने बताए । 'वर्तमान समीकरणबाट बनेको सरकारले मुलुकका जटिल समस्या समाधान गर्न सघाएको छ,' उनले भने, 'अहिले नेपाली जनतामा सरकारप्रति विश्वासको वातावरणको सिर्जना भएको छ ।' उनले पछिल्लो डेढ वर्षमा भएको राजनीतिक अस्थिरताका कारण आमनागरिकमा परेको निरासा चिर्न सरकार सफल हुने बताए । उनले सरकार अस्थिर हुँदाको असर प्रत्यक्ष सेवा प्रवाहमा परेको बताए । गृहमन्त्री लेखकले अस्थिरताका कारण विकास निर्माणका कामले गति लिन नसकेको, अर्थतन्त्रमा शिथिलता उत्पन्न भएको र भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्न जटिलता उत्पन्न भएको बताए । राजनीतिक दल र नेताहरु गठबन्धन भत्काउने र बनाउने काममै व्यस्त हुँदा विकास निर्माणले गति लिन नसकेको उनले बताए ।
गृहमन्त्री लेखकले भने, 'अहिले दुई ठूला राजनीतिक दलहरु मिलेर नयाँ सरकार बनेको छ । मुलुकमा स्थिरता दिन, राजनीतिक स्थिरता दिन, सुशासन कायम गर्न, दिगो शान्ति स्थापना, समृद्धि र विकासका लागि यो गठबन्धन बनेको हो । यस्तो गठबन्धन विरलै बन्छ । यो समीकरणलाई सफल बनाउनुको विकल्प छैन । जनताका निराशालाई आशामा बदल्नुपर्ने छ । अन्त्यसम्म यो समीकरणलाई निरन्तरता दिने कुराको विकल्प छैन ।' १८ वर्षदेखि निष्कर्षविहीन संक्रमणकालीन न्यायसम्बन्धी विषय अहिलेको दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा उभिँदा निष्कर्षमा पुग्न सफल भएको गृहमन्त्री लेखकले स्पष्ट पारे ।
उनले भने, 'समीकरण बन्ने र भत्किने क्रम चलिरहँदा देशले राजनीतिक रुपमा स्थायित्व पाएन, यसले नागरिकको सेवा प्रवाहलाई समेत प्रभावित गऱ्यो ।'




## विश्वप्रसिद्ध गढीमाइ मेलाको तयारी शुरु
## असोज २७ गते राष्ट्रपतिले उद्घाटन गर्ने

**मधेशदृष्टि**
**बारा ।**
विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेला २०८१ को तयारी शुरु भएको छ । बाराको महागढीमाई नगरपालिकाले मेला ऐतिहासिक र अविस्मरणीय बनाउने लक्ष्यसहित तयारीमा जुटेको नगर प्रमुख उपेन्द्र यादवले बताए । बरियारपुरस्थित गढीमाई मन्दिरमा हरेक पाँच वर्षमा लाग्ने मेलालाई व्यवस्थित बनाउन विभिन्न अत्यावश्यक कार्य धमाधम भइरहेको नगर प्रमुख यादवले जानकारी दिए ।
अहिले दक्ष प्राविधिक टोली खटाई पार्किङ व्यवस्थापनको काम अगाडि बढाइएको छ । मेला हेर्न आउने श्रद्धालु भक्तजनका लागि पूर्व, पश्चिम, उत्तर र दक्षिणमा ठूला गाडी, हलुका सवारी साधन र दुईपांग्रे मोटरसाइकल तथा साइकल पार्किङ राख्ने स्थान व्यवस्थापनका लागि अनुगमन तथा निरीक्षण गरेर स्थान छनौट गरिसकिएको छ । भक्तजन र प्रचार प्रसार समिति, विभिन्न शक्तिपीठका गुरुहरु तथा राष्ट्रप्रमुख राष्ट्रपतिसहित विभिन्न मन्त्री र उद्योगपतिलाई शोभायात्रा र मेला उद्घाटनमा सहभागी गराउन निमन्त्रणाका लागि काम शुरु भइसकेको नगर प्रमुख यादवले जानकारी दिए । खानेपानी व्यवस्थापनका लागि एकसय भन्दा बढी सार्वजनिक धारा जडान गरिएको नगर प्रमुख यादवले बताए ।
भारतको रक्सौल, आदापुर, छौडादनो, घोडासहनलगायतका भारतीय नाकादेखि गढीमाईसम्मको बाटो विभिन्न स्थानीय तहसँगको समन्वय र पहलमा कालोपत्रे गरिएको र बाँकी रहेको सडकको काम चाँडै पूरा गरिने नगर प्रमुख यादवको भनाइ छ । मूलबाटो र चोकमा सोलार बत्ती र टावर लाइट जडान गरिएको उनले जानकारी दिए ।
मेलामा सुरक्षाका विषयलाई मध्येनजर गरी नगर प्रहरीको संख्या बढाइएको छ ।

# काठमाडौँ–तराई–मधेश द्रुतमार्गको जग्गा प्राप्ति गर्न स्वीकृति



**काठमाडौँ ।**
सरकारले काठमाडौँ–तराई–मधेश द्रुतमार्ग सडक आयोजनाका लागि मकवानपुर जिल्लामा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त आयोजनाका लागि करिब ३३ हजार नौ सय ७५ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । सरकारले नेपाल आयल निगम लिमिटेडलाई जितपुर सिमरा उपमहानगरपालिकामा करिब पाँच बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरेको छ ।
बैठकले ललितपुर महानगरपालिकालाई गणतन्त्र कोरियाको चिवर–गुन नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । सामाजिक सञ्जाल टिकटकको प्रयोगमा लगाइएको रोक तोकिएका शर्तहरु पालना गर्नेगरी हटाउने निर्णय पनि सरकारले गरेको छ । तोकिएका शर्त पूरा भएपछि सरकारको यो निर्णय कार्यान्वयनमा जाने पनि सञ्चारमन्त्री गुरुङले बताए । त्यसैगरी, विज्ञापन बोर्ड र सुरक्षण मुद्रण केन्द्रमा चालु आर्थिक वर्षका लागि अधिकृतस्तरको १६ वटा अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।
बैठकले यही भदौ ११ देखि १३ गतेसम्म उज्वेकिस्तानमा आयोजना हुने 'मल्टिडाइमेशनल पोभर्टी पियर नेटवर्क'सम्बन्धी बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै आगामी कात्तिक २२ देखि २४ गतेसम्म कोलम्बियाको बोगोटामा आयोजना हुने 'फस्ट ग्लोबल मिनिस्टियरियल कन्फेरेन्स अन इन्डिङ भाइलेन्स अगेन्ष्ट चिल्ड्रेन' मा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।
त्यस्तै यही भदौ २७ र २८ गते ब्राजिलमा आयोजना हुने 'वान प्लानेट नेटवर्क फोरम, २०२४' कार्यक्रममा सहभागी हुन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीलाई स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ । बैठकले राष्ट्रिय सहकारी विकास बोर्डको रिक्त सदस्य–सचिव पदमा रुपन्देहीका डा खगराज शर्मालाई नियुक्त गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।रासस

# संस्कृत भाषाको लोकप्रियता बढ्दै गएको छः राष्ट्रपति



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले संस्कृत भाषाको लोकप्रियता नेपाल र भारतमा मात्र नभई विश्वमै बढ्दै गइरहेको बताएका छन् । जयतु संस्कृतम् संस्थाले शीतल निवासमा शुक्रबार आयोजना गरेको पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले विश्वका विभिन्न विश्वविद्यालयमा संस्कृत वाङ्मयको पठनपाठन हुनुले यसको महत्व विश्वव्यापी हुँदै गएको पुष्टि हुने बताए । उनले संस्कृत अमृत भाषा भएको उल्लेख गर्दै यसभित्र अमर सन्देश छन्, जसबाट अहिले पनि मानव जगत् आल्हादित भइरहेको बताए ।
'संस्कृत भाषा र संस्कृत वाङ्मय ज्ञान विज्ञानको भण्डार हो, यो भाषा र वाङ्मयको विस्तार आवश्यक छ', राष्ट्रपति पौडेलले भने । शुक्लयजुर्वेदलगायतका कयौँ ग्रन्थ नेपालमै लेखिएका थिए भन्ने अनुसन्धाताको विचार पाइन्छ भन्दै उनले वेदव्यास, वाल्मीकि, विश्वामित्रजस्ता कयौँ ऋषिहरूको तपोभूमि नेपाल भएको बताए ।
विसं २००४ मा बोल्न, लेख्न र सङ्गठन गर्न नपाउने जनविरोधी एक तन्त्रीय राणाशासनको युगमा संस्कृत अध्ययन गर्ने छात्रले काठमाडौँमा सशक्त आन्दोलन गरेर राणा सरकारलाई झुक्न बाध्य बनाएको प्रसङ्ग उल्लेख गर्दै राष्ट्रपति पौडेलले भने, 'जयतु संस्कृतम् आन्दोलनले नै स्वतन्त्रताको बिगुल फुकेको थियो र प्रजातन्त्रको बीजारोपण गरेको थियो, नेपालमाा प्रजातन्त्रको स्थापनामा जयतु संस्कृतम् आन्दोलनको ठूलो योगदान छ ।'
संस्कृतमा वसुधैव कुटुम्बकम् भनेर विश्वन्धुत्वको भावना, लोकाः समस्ता सुखिनो भवन्तु भनेर विश्वमानव समुदायको कल्याणको कामना र सर्वे भवन्तु सुखिनः भनेर मानवमात्रको सुख तथा समृद्धिको संकल्प गरिएको पाइन्छ भन्दै राष्ट्रपति पौडेलले यी उदात्त भावना र विचारलाई हामीले मनन् र प्रयोग गर्न सक्नुपर्नेमा जोड दिए ।
जयतु संस्कृतम् आन्दोलनको मूल प्रवाहमै रहेर अभियानस्वरुप थालिएको यस संस्थाले संस्कृतका ग्रन्थको लेखन र प्रकाशन, विद्वत्सम्मान, संस्कृत गुरुकुल तथा विद्यालयको संरक्षण र विकास कार्य गर्नु खुशीको विषय भएको उनको भनाइ थियो । सबै भाषाभाषीले सबै भाषाभाषीलाई सम्मान, सहयोग र समन्वय कायम गरेमा प्रत्येक भाषाको संरक्षण तथा समुत्थान सम्भव हुने राष्ट्रपति पौडेलले विचार व्यक्त गरे । 'कुनै भाषाले कुनै भाषालाई निषेध गर्नुहुँदैन, सबै भाषाभाषीले सबै भाषाभाषीलाई सम्मान, सहयोग र समन्वय कायम गरेमा प्रत्येक भाषाको संरक्षण तथा समुत्थान सम्भव छ' उनले भने ।
सो अवसरमा राष्ट्रपति पौडेलले नेपाल संस्कृत विश्वविद्यालयका पूर्वउपकुलपति आचार्य पूर्णचन्द्र ढुङ्गेल र प्राध्यापक नीलमणि ढुङ्गानालाई जयतु संस्कृतम् पुरस्कार प्रदान गरे । साथै राष्ट्रपति पौडेलले प्रा डा ऋषिराम पोखरेल, प्रा डा दीर्घराज घिमिरे, प्रा डा रामचन्द्र गौतम, प्रा गोविन्द चौधरी र प्राध्यापक चेतोनाथ आचार्यलाई अभिनन्दन गरेका थिए । कार्यक्रममा जयतु संस्कृतम् संस्थाका अध्यक्ष डा बद्री पोखरेलले संस्कृत भाषाको प्रवर्दनमा गरिएका कामका बारेमा जानकारी गराएका थिए । रासस

# पार्टीप्रतिको असन्तुष्टि सामाजिक सञ्जालमा व्यक्त नगर्न निर्देशन

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले आफ्ना नेताहरूलाई पार्टीप्रतिको असन्तुष्टि सामाजिक सञ्जालमा व्यक्त नगर्न निर्देशन दिएको छ ।
पार्टीका महासचिव घनश्याम भुसालले शुक्रबार एक विज्ञप्ति जारी गर्दै पार्टीसम्बद्ध कुनै पनि नेताले अबदेखि सामाजिक सञ्जालमा पार्टी, कमिटी र अरु नेताहरूका बारेमा कुनै पनि नकारात्मक कुरा नलेख्न, शेयर नगर्न निर्देशन दिएका हुन् । पछिल्लो समय पार्टीका जिम्मेवार नेताबाट सामाजिक सञ्जालमा आएका अभिव्यक्तिले पार्टी सङ्गठन सुदृढीकरणमा समस्या आउने बताउँदै उनले भने, 'राजनीतिक व्यक्ति आफूप्रति मात्रै उत्तरदायी भएर पुग्दैन, हामीसँग समाजले, पार्टीले, कमिटीले र अरु नेताहरूले पनि उत्तरदायित्वको बोध गर्नुपर्छ ।'
महासचिव भुसालले दशौँ राष्ट्रिय महाधिवेशनपछि केन्द्रीय सदस्य चयनका क्रममा देखिएको असन्तुष्टिले पार्टीका नेताहरूको मर्यादासमेत नराख्नेगरी सामाजिक सञ्जालमा टिप्पणी भएकामा आपत्ति प्रकट गर्दै पार्टी पद्धतिअनुसार नेताले आफूलाई लागेका सबै कुरा बैठकमा उठाउन आग्रह गरे । यसैबीच, पार्टीले क्षमता र योगदानका आधारमा छिट्टै नेताहरूको जिम्मेवारी हेरफेर गरी १८ जना केन्द्रीय पदाधिकारी छनोट तथा विभिन्न नेतालाई विभागीय प्रमुखको जिम्मेवारी तोक्ने जनाइएको छ । तीन सय ४४ केन्द्रीय कमिटी मनोनित गरेको पार्टीले यही भदौ ९ देखि ११ गतेसम्म केन्द्रीय कमिटीको पूर्ण बैठक काठमाडौँमा आह्वान गरेको छ ।रासस

# बहिनीलाई डाक्टर बनाउने किशोरीको सपना



**इलाम ।**
छेकी शेर्पा १९ वर्षकी भइन् । उनी इलामको कच्ची सडकमा सवारी चलाउँछन् । साहस र आँटिलो स्वभावकी छेकीले डेढ वर्षयता निरन्तर बोलेरो जिपमा यात्रु बोक्ने काम गर्दै आएकी छन् । त्यसो त सवारी चलाउने महिला नभएका हैनन् । तर पहाडी जिल्लाको कच्ची बाटोमा सार्वजनिक यातायातको साधन चलाउने महिलाको संख्या नगण्य छ । यात्रुसहितको सवारी चलाउने उनी इलाम जिल्लाको मात्र नभई पूर्वी पहाडीकै एकमात्र किशोरी हुन् ।
पहाडको कच्ची सडकमा खोलानाला र भिरालो सडकमा गाडी चलाउन जो कोहीले हिम्मत गर्दैनन् । घरपरिवारले गाडी खरिद गरिदिएपछि उनले गाडी चलाउन थालेकी हुन् । बोलेरो डबल क्यापको जिपमा यात्रु र भारीसहित उनी बिहान इलाम सन्दकपुरको जमुनास्थित सिस्नेबाट इलाम सदरमुकाम जान्छन् । दिउँसो सदरमुकाम तथा बिब्ल्याँटेबाट जमुना फिर्ने गर्छन् ।
उनको बुवा पहिलेदेखि सवारी चालकको काम गर्थ्रे । घरमा तीन छोरी भएका कारण बुवाकै सहयोगमा चालक बनेको उनी बताउँछन् । शुरुमा बुवाले नजिकैको दूरीमा गाडी चलाउन सिकाएपछि उनले विस्तारै राम्रोसँग चलाउन थालिन् । छोरीले राम्रोसँग गाडी चलाउन जानेपछि छोरीलाई चलाउन दिएको फुर्वा शेर्पाले बताए ।
'मलाई बुवाले नै गाडी चलाउन सहयोग गर्नुभएको छ । परिवारको साथ पाएरै म राम्रोसँग गाडी चलाउन सक्ने र यही पेसा गर्नसक्ने भएकी छु' उनले भनिन् । छेकीले गाडी चलाउँदा केही यात्रुहरुले सुरुमा विश्वास गर्दैनथे । उनले चलाएको गाडीमा चढ्नै मान्दैनथे । तर, हिजोआज यात्रुहरुले छेकीमाथि यति विश्वास गर्न थाले कि उनले चलाएको गाडी खोजी खोजी चढ्न थालेका छन् ।
उनले बर्खायाममा पनि खर्च कटाएर मासिक ३० हजार रुपैयाँभन्दा बढी कमाउने गर्छन् । बर्खामा हिलो बाटोका कारण गाडी मर्मत धेरै गर्नुपर्ने हुँदा पैसा थोरै बच्ने गरेको छ । हिउँद याममा धेरै आम्दानी हुने गरेको उनको भनाइ छ । सिजनमा मासिक एक लाख रुपैयाँ हाराहारी कमाउने गरेको सो क्षेत्रका सवारी चालकहरु बताउँछन् ।
कक्षा १२ सम्म अध्ययन गरेकी उनले पढ्दै गरेको समयमा पनि गाउँमा गाडी कुदाएको स्थानीयको भनाइ छ । उनले गाडी चलाएरै बहिनीलाई डाक्टर बनाउने सपना देखेकी छन् । 'दाजुभाइ नहुँदा सानैदेखि हामीले छोरा र छोरी दुवैको काम गर्दै आएका छौँ' उनले भनिन् । रोजगारीको खोजीमा धेरै नेपाली महिला विदेसिने गरेका छन् । तर महिलाले गाउँमै सवारीचालकको काम पनि गर्न सकिने काम रहेछ भनेर उदाहरण दिएको छ छेकीले ।
जोखिमपूर्ण सडकमा पनि एकदमै सरल तरिकाले गाडी चलाउने गरेकाले यात्रुहरूले उनको गाडी रोज्ने गरेको बताउँछन् । 'केही पुरुष चालकहरुले मादक पदार्थ सेवन गरेर पनि सवारी चलाएको पाएका छौँ' स्थानीय यात्रु दावा शेर्पाले भने, 'तर उहाँले त मदिरा सेवन समेत नगर्ने हुँदा हामी ढुक्कले यात्रा गर्छौं ।' रासस


मधेश प्रदेश सरकार
**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**
जनकपुरधाम, धनुषा

**घरभाडा सम्बन्धि सूचना**
(प्रकाशित मिति २०८१/०५/०९)

यस उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि कार्यालय तथा गोदाम प्रयोजनका लागि निम्न बमोजिमका सुविधा भएका कम्पाउण्ड वाल सहितको घर आवश्यक भएकोमा तपसिल बमोजिमको घर भाडामा दिन इच्छुक घरधनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात तथा घरभाडामा दिन चाहेको मूल्य खुलेको निवेदन सहित सिलबन्दी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**घरमा हुनुपर्ने सुविधाको विवरणः-**

१. भाडामा दिने घर जनकपुरधाम उप.म.न.पा. भित्रमा हुनुपर्नेछ ।
२. घरमा कम्तिमा १० वटा कोठाहरु भएको आर.सि.सि. पक्की घर हुनुपर्नेछ ।
३. कम्तिमा ५ वटा चार पाङ्ग्रे सवारी साधन तथा २० वटा मोटरसाइकल पार्किङ्ग सुविधा भएको हुनुपर्नेछ ।
४. घरमा खानेपानी, बिजुली र शौचालयको पर्याप्त व्यवस्था भएको हुनुपर्नेछ ।
५. भाडामा दिने घरमा पुग्ने बाटो कम्तिमा १३ फिटको हुनुपर्नेछ ।
६. मधेश भवनको १ कि.मी. भित्रको सेरोफेरोमा रहेको हुनुपर्नेछ ।
७. घरधनीले आफुले दिन चाहेको दररेट कर सहितको अंक र अक्षरमा खुलाई सो घर भएको स्थानको जग्गा धनी प्रमाण पुर्जा, मालपोत तिरेको रसिद, भवनको नक्सा पास/निर्माण सम्पन्न प्रमाणपत्र र नेपाली नागरिकताको प्रतिलिपि स्वयंले प्रमाणित गरि पेश गर्नुपर्नेछ ।
८. घरमा उपलब्ध खानेपानी, बिजुली सेवाको महशुल कार्यालयले भुक्तानी गर्नेछ ।
९. घर धनीलाई घरभाडा भुक्तानी गर्दा नियमानुसार लाग्ने १० प्रतिशत बहालकर कट्टा गरिनेछ ।
१०. अन्य कुराको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।


# उन्मुक्ति हुने गरी ऐन संशोधन नगर्न आयोगको अनुरोध




**काठमाडौँ ।**
राष्ट्रिय मानव अधिकार आयोगले भ्रष्टाचारजन्य कसुरमा हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन नगर्न प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिलाई अनुरोध गरेको छ । आयोगले शुक्रबार भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारजन्य कसुरमा हद म्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रस्ताव अगाडि बढाइएको उल्लेख गर्दै समितिलाई पत्राचार गरेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिए ।
उनले हद म्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन समितिलाई पत्राचार गरेको बताए । 'भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्नेछ भनी गरिएको संशोधन प्रस्तावप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ', पत्रमा भनिएको छ, 'भ्रष्टाचारजन्य कार्य जुनसुकै अवधिमा गरेको भए पनि त्यो गम्भीर अपराध भएको र त्यस्तो विषयमा हद म्याद कै कारणले भ्रष्टाचारजन्य कसुर गर्नेले उन्मुक्ति पाउने सम्भावना बढ्नुका साथै सुशासन र मानव अधिकारको उपभोगमा बाधा उत्पन्न हुन जान्छ, अतः भ्रष्टाचार गर्ने व्यक्तिलाई हद म्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन आयोग समितिलाई अनुरोध गर्दछ ।' रासस

# 'सूचनाको दुरुपयोग भए ठूलो क्षति हुन्छ'




**तुलसीपुर ।**
उच्च अदालत तुलसीपुरका मुख्यन्यायाधीश नित्यानन्द पाण्डेयले सूचनाको दुरुपयोग भए ठूलो क्षति हुने भएकाले सचेत रहन सञ्चारकर्मीलाई आग्रह गरेका छन् । शुक्रबार यहाँ आयोजित एचआर मिडिया प्रालिको प्रथम वार्षिकोत्सव कार्यक्रममा उहाँले सूचना तथा सञ्चारको भूमिका फराकिलो र शक्तिशाली भएकाले यसलाई सही सदुपयोग गरेमा मुलुकलाई समृद्धिको मार्गमा लैजान सघाउ पुग्ने धारणा राखे । 'एउटा हतियारको दुरुपयोग भयो भने त्यसले जति क्षति पु¥याउँछ, सूचनाको दुरुपयोगले त्योभन्दा बढी क्षति हुन्छ । त्यसैले सूचनाको सही सदुपयोग गर्नुपर्छ' मुख्यन्यायाधीश पाण्डेयले भने । सञ्चारमाध्यमले गुण र दोषका आधारमा समाचार सम्प्रेषण गर्नुपर्ने उनको भनाइ थियो ।
तुलसीपुर उपमहानगरपालिका कार्यवाहक प्रमुख भीमबहादुर योगीले सञ्चार क्षेत्र विकासको बाटो देखाउने माध्यम भएकाले समाजलाई सही मार्गमा डो¥याउने गरी सञ्चारमाध्यमले भूमिका खेल्नुपर्नेमा जोड दिए । यस्तै, कपुरकोट गाउँपालिकाका अध्यक्ष प्रकाश भण्डारीले पछिल्लो समय डिजिटल सञ्चारमाध्यमको युग रहेको अवस्थामा मर्यादित पत्रकारिता गर्नतर्फ अनलाइन सञ्चारमाध्यम लाग्नुपर्ने बताए ।रासस

# ऐतिहासिक तर उपेक्षीत पर्साको पारसनाथ महादेव



वीरेन्द्र रमण



तराई मधेसको मिथिला र भोजपुरा क्षेत्रमा महादेवको उपासनाको पद्धति परापूर्वकाल देखि चल्दै आएको छ । त्यसैले यस भेगमा सबै भन्दा बढि महादेव मन्दिरहरु रहेको पाइन्छ । निकै प्राचीनकाल देखि नै यसको उपासना हुदै आएको छ । हिन्दू धर्ममा महादेवलाई उच्च स्थानको रुपमा लिने गरिएको छ । अहिले भाषिकताको आधारमा मिथिला र भोजपुराको रुपमा विभाजित भएपछि कुनै समया यी सम्पुर्ण भुभागहरु एउटै रहेको थियो । यस भेगमा सेनवंशको राज व्यवस्था चल्दै आएको थियो । त्यो राजव्यवस्थाको जग पनि धर्मको आधारमा नै रहेको कारणले गर्दा प्राचीन स्थलहरुको अहिले भन्दा पहिलो धेरै संरक्षणहरु भएको पाइन्छ । यीनै मन्दिर मध्ये एक हुन पर्सा जिल्लाको पारसनाथ महादेव ।

शिव हिन्दू धर्मका प्रमुख देवताहरू मध्ये एक हुन् । भगवानको तीन रूपहरू मध्येको एक शिवलाई विनाशकर्ताका रूपले चिनिन्छ । हिन्दू धर्मका विभिन्न सम्प्रदायहरू मध्ये शैव सम्प्रदायका अनुयायीहरू शिवलाई आफ्नो प्रमुख देवता मान्छन् र त्यसै अनुसार उनलाई महादेव, परमेश्वर आदि नामले सम्बोधन गर्दछन्। शिवलाई प्रायःजसो शिवलिंगको रूपमा पूजा गर्ने गरिन्छ ।

शिव हिन्दू धर्मको प्रमुख देवताहरू मध्यको एक ईश्वर को रुप हो । वेदमा यिनको नाम रुद्र भनिएको छ । यीनी व्यक्तिको चेतनाको अन्तर्यामी छन् । यिनको अर्धाङ्गिनी (शक्ति)को नाम पार्वती हो । यिनका दुईवटा पुत्रहरू छन्, जसमा एक स्कन्द र अर्का गणेश हुन् । हिन्दू मान्यता अनुसार ब्रह्माजी यो संसारका सृष्टीकर्ता हुन् भने भगवान विष्णु यो संसारको पालन कर्ता र शिव यो संसारका संहार कर्ता हुन्। श+ि+व= शिव मिलेर बनेको शिवको नामको “ि“ लाई हटाएमा “शव“ शब्द बन्छ तसर्थ शिवलाई जिव अथवा प्राण भनेर चिनिन्छ । शिवले छोडेमा यो संसारमा देह अथवा शव मात्र रहन्छ । देहमा ब्रह्माको स्थान शिरमा छ, विष्णुको स्थान हृदय अथवा शरिरको मध्य भागमा छ र शिवको स्थान कमर भन्दा तलको भागमा छ । त्यसैले भगवान शिवलाई शिवलिंगको रूपमा पूजा गरिन्छ । शिव अधिकतर चित्रहरूमा योगीको रूपमा देखिन्छन् र उनको पूजा लिंगको रूपमा गरिन्छ । भगवान शिवलाई संहारको देवता भनिन्छ । भगवान शिव सौम्य आकृति एवं रौद्ररूप दुवैको लागि विख्यात छन् । अन्य देवहरू भन्दा शिवलाई भिन्न मानिएको छ । सृष्टिको उत्पात, स्थिति एवं संहारको अधिपति शिव हुन् । त्रिदेवहरूमा भगवान शिव संहारको देवता मानिन्छन् । शिव अनादि तथा सृष्टि प्रक्रियाको आदिस्रोत हुन् र यीनी काल महाकाल नै ज्योतिष शास्त्रका आधार हुन् । शिवको अर्थ यद्यपि कल्याणकारी मानिएको छ, तर उनले संधै लय एवं प्रलय दुवैलाई आफ्नो अधीन गरेका छन् । भगवान शिव देवताका पनि देवता भएकाले उनलाई महादेव भनिन्छ भने ईश्वरका पनि ईश्वर भएकोले उनलाई महेश्वर भनेर चिनिन्छ ।

त्यसकारणले निकै प्राचीनकाल देखि यस भुभागमा शिवका निकै प्राचीन महिन्दरहरु देख्न सकिन्छ र जसलाई तत्कालिन राज्य व्यवस्थाले समेत संरक्षण गरेको अवस्था छ । अर्थात यस्ता मन्दिरहरुलाई तत्कालिन राजाहरुले धेरै सम्पतिहरु दिएर मन्दिरको विकासमा योगदान दिएका देखिन्छ । ती मन्दिर मध्ये ए हो पर्साको महुवनमा रहेको पारसनाथ महादेव मन्दिर ।

यो शिवमठ वीरगंज बजारबाट करीव ५ कोष पश्चिम उत्तरको सखुवा प्रसौनि गाउँपालिका–१ मा पर्दछ । यस जिल्लाको नाम नै पर्सा जिल्ला भन्ने यिनै पारसनाथ महादेवको नामबाट रहन गएको हो भनिन्छ । यो मठ त्यस भेगमा मात्र नभएर भारतको विहार राज्यमा समेत यस मठको महत्व हुन गएकोले त्यहाँका भक्तजनहरू पनि यहाँ दर्शनार्थ आउँने गर्दछन् । विशेषतः साउने महिनाको सोमवार, शिवरात्री आदि पर्वहरूमा मेला लाग्दछ । मकवानका राजा माणिकसेन यस मठलाई विशेष महत्व का थिए । त्यहाँका ५२ कोठाहरू चट्टानमा बनेकाले भत्किएका छैनन् । मन्दिर भित्र धेरै पुरानो र प्राचीन मुर्तिहरु रहेका छन । सबै भन्दा आश्चर्य त मन्दिरको गुम्बजमा रहेको त्रिसुल आफै घुम्ने गरेका छन । । जो यस मन्दिरको एउटा एतिहासिकता पहिचानलाई उजागर गरेको देखिन्छ ।



मन्दिरको संरक्षणमा तत्कालिन सेनवंशका राजाहरुको महत्वपुर्ण योगदान रहेको छ । विशेष गरेर माणिक्य सेनको महत्वपुर्ण योगदान रहेको छ । खास गरेर सेनवंशका रहेक राजाहरुले यस भुभागमा रहेको मठमन्दिरमाको संरक्षण सम्बद्र्धनमा निकै योगदान रहेको छ । बालमुकुन्द सेन हो वा त्यसपछि अन्य सेनवंशका राजाहरु । ती सबै मध्ये बढि माणिक्य सेनले योगदान गरेका थिए ।



बाबु मुकुन्द सेनको शेषपछि पाल्पाको पुख्र्यौली गद्दीमा माणिक्य सेन बसे (१५५३–१५६४ अ.) तर बाबुले आर्जेको राज्यको एक अंश पनि उपभोग गर्न सक्ने सामर्थ यिनमा नरहेकाले बाजे रुद्र सेनको पालादेखि नै पाल्पाले चर्चिदै आएको बुटवल र त्यसको तलहट्टी लगायतका तनहूँ प्रदेशमा पाल्पाले बाबुको मृत्युपछि भाइहरूको हाली मुहाली चल्न थाल्यो ।तर उनले धार्मिक महठमन्दिरहरुको संरक्षण र विस्तारमा भने निकै योगदान पुर्याएका थिए । राज्य विस्तारका क्रममा मुकुन्द सेनले आफ्ना छोराहरूमध्ये केहीलाई विजित क्षेत्रको हेरचाह गर्ने प्रशासकका रूपमा मात्र नियुक्त गरेका थिए । परन्तु बाबुको मृत्युपश्चात् माणिक्य सेनले भाइहरूलाई तहलाउन नसक्दा विनायक सेनले बुटवल, भृङ्गि सेनले तनहूँ र लोहांग सेनले ओडिया पूर्वका प्रदेशहरूमा अधिकार जमाउन सफल भए । यसरी बाबु–बाजेद्वारा आर्जित राज्यलाई पनि सम्हाल्न नसक्नु माणिक्य सेनको कमजोरी थियो । यिनको यही कमजोरीले गर्दा मुकुन्द सेनको विशाल सेनराज्य अब आएर पुनः पाल्पा रियासतका रूपमा देखापर्यो ।

मुकुन्द सेनका समयसम्ममा लगभग रिडीदेखि तिष्टासम्म फैलिएको यो विशाल पाल्पा राज्य बाबुको मृत्युपश्चात् नै कालीगण्डकी भेकको पहाडी खण्डमा मात्र सीमित रहन पुग्यो । त्यसैले बाबु मुकुन्द सेनको पालाको वैभवका साथै पुख्र्यौली राज्यको अधिकांश भू–भाग गुमाएर सानो पाल्पा रियासत सम्हालेको लगभग एघार वर्षपछि पाल्पा राज्यका पहिला राजा माणिक्य सेनले यो असार संसारबाट बिदा लिए ।

माणिक्य सेनपछि यिनका छोरा फिरोज सेन राजा भए । मध्य–पहाडी खण्डमा अवस्थित यस राज्यका वरिपरि तनहुँ, गुल्मी, अर्घा र बिनायकपुर अर्थात् बुटवल राज्य पर्दथे । बाबुराम आचार्यका अनुसार पाल्पा राज्यको जनसंख्या त्यतिबेला लगभग ६० हजार जति थियो । यसताका पाल्पा राज्य छिमेकी राज्य गुल्मीभन्दा दोब्बर र प्यूठानभन्दा केही सानो थियो भन्ने देखिन्छ । फिरोज सेनपछि यिनका छोरा जगदीश सेन पाल्पाका राजा भए । यिनले लगभग ३१ वर्षसम्म शासन चलाएको अनुमान हुन्छ । जगदीश सेनपछि उनका छोरा पृथ्वी सेन पाल्पाको गद्दीमा बसे । सेन–वंशावलीका अनुसार पृथ्वी सेनका त्रिलोक सेन नामक छोरा जन्मी सानै उमेरमा अर्थात् युवराज छदै मरेका हुँदा मुकुन्द सेनका जेठा सन्ततिको वंश यहाँदेखि टुट्यो भनी लेखिएको छ । परन्तु पृथ्वी सेनकी रानी रुक्मावती र उनका छोरा भूपति सेनको संयुक्त–शासनकालका साथै भूपति सेनले जारी गरेको तात्कालिक पत्र पाइएका हुँदा त्रिलोक सेनको मृत्युपछि पृथ्वी सेनको वंश टुङ्गियो भन्ने वंशावलीको कथनको सत्यताबारे यहाँनेर आएर अलिक बिचार गर्नु परेको छ । किनकि पृथ्वी सेनका उत्तराधिकारीका रूपमा उनीपछि भूपति सेन देखापरेका छन् । शुरु शुरुमा आमा रुक्मावतीले यिनलाई राजकाजमा सहयोग गर्दै आएकी भएतापनि ई.सं १६५९ देखि यिनको मात्र एकलौटी शासन चलेको देखिन आएको छ । तसर्थ पृथ्वी सेनका जेठा छोरा त्रिलोक सेन बाबु छँदै मरेका हुँदा संभवत ः उनका अर्का छोरा अर्थात् त्रिलोक सेनका भाइ भूपति सेन बाबुको शेषपछि, पाल्पाको गद्दीमा बसे भन्ने देखिन्छ ।

पारसनाथ मन्दिरको निर्माण समेत त्यही समयमा भएको ईतिहासका जानकारहरुको कथन रहेको छ ।



तर यति महत्वपुर्ण मन्दिर रहेको उपेक्षीत अवस्थामा भने रहेको छ । केही समय यता आएर केही मर्मतको कामहरु भएपनि यसको भौतिक सम्पदाहरु भने नासिने क्रमममा रहेको छ भने जग्गाहरु समेत अतिक्रमण हुदा मन्दिर समस्यामा रहेका छन । मन्दिरका बाहिर भागका संरक्षणहरु ीजर्ण बन्दै गएका छन । परिसरमा रहेको व्यास गद्दी भवन, आसन घर, तहविल घर, गोश्वारा, भण्डार कोठा र २ तले भवन भत्केर अवशेषका रूपमा पर्खाल मात्र बाँकी छ । यस्तो एतिहासिक र पुरातात्विक महत्वका यस मन्दिरको संरक्षणमा तत्काल विभिन्न निकायको धयान जानुपर्ने आवश्यक छ भने यस ठाउमा पर्यटकीय पुर्वाधारको विकास गरेर मन्दिरको महत्वलाई थप उजागर गर्नुपर्ने आवश्यकता रहेको छ ।

**सन्दर्भ सामग्री :** सेनराज्यको राजनैतिक ईतिहासः मोहनप्रसाद खनाल, विकिपिडिया

# विकासका लागि जनसङ्ख्या तथ्याङ्कको महत्त्व

*राष्ट्रिय जनगणना २०७८ र अन्य सर्वेक्षणबाट प्राप्त जनसङ्ख्या तथ्याङ्कले देखाएका तथ्यहरू र संरचनागत परिवर्तनका आधारमा राष्ट्रिय जनसङ्ख्या नीतिको तर्जुमा गर्नु पर्ने आवश्यकता छ । यसले विद्यमान अन्योलको अवस्थालाई सम्बोधन गर्ने मद्दत गर्नेछ र कार्यान्वयनको लागि सबै तहका सरकारहरूलाई सचेत गरिने गराउने अपेक्षा गर्न सकिन्छ ।*



अनुप अधिकारी

आज विश्वभरि नै भावी जनसङ्ख्या तथ्याङ्कको चित्रणको गर्ने प्रयास भइरहेको छ । तीस वर्षअघि जनसङ्ख्या विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले मानिसहरूलाई विकासको केन्द्रमा राख्ने सहमति जनाएको थियो । यस सम्मेलनले विशेषतः महिला प्रजनन स्वास्थ्य सेवामा पहुँच सुधार गर्ने, मातृ मृत्युदर घटाउने, र लैङ्गिक समानतामा सुधारहरू ल्याउने लक्ष लिएको थियो । यी विषयहरू हासिल भए नभएको मूल्याङ्कन र थप सुधार गर्न गुणस्तरीय तथ्याङ्क आवश्यकता छ ।

पछिल्लो तीन दशकको अवधिमा तथ्याङ्क सङ्कलन र विश्लेषणमा भएका सुधारका साथै प्रविधिमा भएका प्रगतिले  तथ्य र प्रमाणमा आधारित नीति निर्माण प्रक्रियामा व्यापकता ल्याएको छ यसले गर्दा संसार मानिसले स्वस्थ प्रतिस्पर्धा गर्न, अधिकारको उपयोग गर्न र विकल्पहरूको छनोट गर्न सक्षम भएका छन् ।

नेपालको सन्दर्भमा जनसङ्ख्या तथ्याङ्कको उपयोगिता संवैधानिक तथा कानुनी रूपमा निकै महत्त्वपूर्ण रहेको छ । जनसङ्ख्या विकासको भाजक पनि हो र विकासको प्रतिफल जनसङ्ख्याले नै उपभोग गर्ने हो । जनसङ्ख्यालाई आधार नमानी गरिएका विकास कार्यहरू असफल हुन सक्छन् वा दिगो रूपमा सञ्चालन हुन सक्दैनन् । त्यसैले  जनसङ्ख्या तथ्याङ्कको राजनैतिक तथा संवैधानिक महत्त्व पनि उत्तिकै रहन्छ ।

नेपालको संविधानमा सङ्घीय, प्रदेश तथा स्थानीय सरकार सञ्चालन, जिल्ला, नगरपालिका, गाउँपालिकाको विकास अनुदानको आधार हुने, सामाजिक सुरक्षा (जस्तै वृद्ध भत्ता, अल्पसङ्ख्यक, एकल महिला, बाल विकास अनुदान आदि) तथा अन्य लोककल्याणकारी कार्यक्रम सञ्चालन, निर्वाचन क्षेत्र निर्धारण, व्यवस्थापिका संसद्को आधार, नगर तथा गाउँपालिकाको वर्गीकरण गर्न आदि कार्यमा  जनसङ्ख्या तथ्याङ्क हो ।

महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,



दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, सीमान्तकृत समूहहरू, पिछडिएको क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू, धार्मिक अल्पसङ्ख्यक तथा सामाजिक मूल प्रवाहीकरणमा नपरेका व्यक्ति र समुदायलगायत आम नागरिकको हक हितको सम्बोधन गर्न, तीनै तहको सरकारलाई आवश्यक पर्ने महत्त्वपूर्ण तथ्याङ्क नै जनसङ्ख्या तथ्याङ्क हो ।

नेपालमा व्यक्तिगत घटना दर्ताको भरपर्दो अभाव र नियमित सर्वेक्षणको अभावमा जनसङ्ख्या तथ्याङ्कको प्रमुख स्रोत जनगणनालाई लिइएको छ । नेपालले १९६८ सालदेखि जनगणना सञ्चालन गरी हालसम्म १२ औँ जनगणना सम्पन्न गरिसकेको छ । व्यक्तिगत घटना दर्ता प्रणाली लागू भएको धेरै समय बितेको भए पनि यसले खासै गति लिन सकेको छैन । तर हालै यो अनलाइन घटना दर्ता प्रणालीमा रूपान्तरण गरिए पछि जनसाङ्ख्यिक तथ्याङ्क नियमितरुपमा प्राप्त हुने अवस्था बढ्दै गएको छ ।  यस प्रणालीबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार उत्पादन हुने तथ्याङ्कको उपयोगमा ध्यान केन्द्रित हुन थालेको छ जसले गर्दा ले जनसङ्ख्या तथ्याङ्कको विकासमा एक हदसम्म सकारात्मक सन्देश दिएको छ ।

**आवधिक योजना तथा नीतिमा जनसङ्ख्या व्यवस्थापन**

नेपालमा पहिलो पटक जनसङ्ख्या नीति, २०७१ मा लागु भएको थियो । यसअघि २०४० सालमा राष्ट्रिय रणनीतिको नाममा यस्तै प्रकारको नीति लागु गरिएको थियो । जनसङ्ख्या नीतिलाई योजनाका दस्तावेजमा समावेश गरेर  जनसाङ्ख्यिक तथ्याङ्कको प्रयोग पहिलो पञ्चवर्षीय योजनादेखि हुँदै आएको छ ।

पहिलो पञ्चवर्षीय योजनादेखि पाँचौँ योजनासम्ममा बसाइसराइ र परिवार नियोजन र मातृ शिशु स्वास्थ्यसम्बन्धी कार्यक्रममा विशेष जोड दिएको थियो । छैटौँ योजनामा जनसङ्ख्या वितरण र बसाइसराइको व्यवस्थापनमा केन्द्रित गरिएको थियो ।  सातौँ योजनामा जनसङ्ख्या वृद्धिदर र आर्थिक विकासको बिचको सम्बन्धलाई प्राथमिकता दिइयो । आठौँ योजनामा क्षेत्रगत नीतिको रूपमा जनसङ्ख्याको महत्त्व स्वीकार गरिएको थियो ।

नवौँ योजना बिस बर्से दीर्घकालीन दृष्टिकोणको साथ कुल प्रजनन दरलाई प्रतिस्थापन तहमा पु¥याउने लक्ष्य राखिएको थियो। पन्ध्रौँ योजनाले जनसङ्ख्या तथा बसाइसराइको उचित व्यवस्थापन गर्ने लक्ष्य लिएको थियो जसले देशको आर्थिक सामाजिक र पर्यावरणीय सन्तुलनलाई स्थायित्व दिन सहयोग पु¥याउने गरिएको थियो ।

सोह्रौँ योजना (२०८१÷८२–२०८५÷८६) ले जनसङ्ख्या व्यवस्थापनका लागि महत्त्वपूर्ण रणनीतिहरू अगाडि सारेको छ । यस योजना ले आन्तरिक रोजगारीका अवसर सिर्जना गर्ने, जनसङ्ख्या लाभको अधिकतम उपयोग गर्ने, श्रम व्यवस्थापन सुधार गर्ने, वैदेशिक रोजगारी व्यवस्थापन गर्ने, आप्रवासी कामदारको व्यवस्थापन गर्ने, राष्ट्र निर्माणमा युवा परिचालन, सामाजिक सुरक्षाको दायरा विस्तार र दिगोपना सुनिश्चित गर्ने तथा सुरक्षित र उत्थानशील सहर र सहरी पूर्वाधार निर्माण जस्ता नीति तथा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

योजनाले तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन, मूल्याङ्कन प्रणाली सुधार कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । सन्तुलित विकासको लागि बसाइसराइ व्यवस्थापन र जनसाङ्ख्यिक लाभको उपयोग गरी प्रादेशिक सन्तुलन कायम गर्ने रणनीति तय गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ र अन्य सर्वेक्षणबाट प्राप्त जनसङ्ख्या तथ्याङ्कले देखाएका तथ्यहरू र संरचनागत परिवर्तनका आधारमा राष्ट्रिय जनसङ्ख्या नीतिको तर्जुमा गर्नु पर्ने आवश्यकता छ । यसले विद्यमान अन्योलको अवस्थालाई सम्बोधन गर्ने मद्दत गर्नेछ र कार्यान्वयनको लागि सबै तहका सरकारहरूलाई सचेत गरिने गराउने अपेक्षा गर्न सकिन्छ ।

**जनसाङ्ख्यिक तथ्याङ्कको विश्लेषण**

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार मुलुकको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८  पुगेको छ । यस मध्ये पुरुषको सङ्ख्या १ करोड ४२ लाख ५३ हजार ५५१ (४८.९८ प्रतिशत) र एक करोड ४९ लाख  ११ हजार ०२७ जना महिला (५१.०२ प्रतिशत) रहेका छन् । दश वर्षअघि २०६८ सालको जनगणनामा कूल जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेकामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५५ र ५१.५५ प्रतिशत रहेको थियो ।

यस नतिजाअनुसार लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) ९५.५९ रहेको छ । गत जनगणनामा प्रति सय महिलामा पुरुषको सङ्ख्या ९४.१६ रहेको थियो । कूल जनसङ्ख्या अघिल्लो गणनाको तुलनामा २६ लाख ७० हजार २०७४ ले बढी हो । यसरी हेर्दा दश वर्षमा नेपालको जनसङ्ख्या १०.०८ प्रतिशतले बढेको देखिएको छ जबकि सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत रहेको र जुन अघिल्लो जनगणनामा १.३५ प्रतिशत रहेको छ । यो वृद्धिदर पछिल्लो आठ दशककै न्यून वृद्धिदर हो ।

नेपालमा १८ वर्षभन्दा कम उमेरका बालबालिका ३३.८ प्रतिशत अर्थात् ९८ लाख ६९ हजार ५८३ रहेको छ जुन प्रतिशत गत जनगणनको तुलनामा आठ प्रतिशत विन्दुले घटेको छ । उत्पादनशील उमेर समूहको जनसङ्ख्या ६७ प्रतिशत रहेको छ र यस्तो जनसाङ्ख्यिक लाभको अवस्था २५ देखि ३० वर्षसम्म रहने अनुमान गर्न सकिन्छ । तर ज्येष्ठ नागरिकको जनसङ्ख्या निरन्तर वृद्धि हुँदै गएको छ । ६० वर्ष उमेरभन्दा माथिका जनसङ्ख्या १०.२१ प्रतिशत पुगेको छ । ग्रामीण क्षेत्रमा युवाहरूको  कमी हुँदै गएको छ भने ज्येष्ठ नागरिक र बालबालिका तथा महिलाको हिस्सा बढी मात्रामा रहेको छ ।

नेपालको जनसङ्ख्या वृद्धि र प्रजनन दरमा देखिएको परिवर्तनले दीर्घकालीन विकास र जन सङ्ख्यात्मक संरचनामा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ । २०२८ सालको जनगणना अनुसार कुल प्रजनन दर ६.३ रहेकोमा, पाँच दशकको अवधिमा यो दर घटेर १.९४ मा आइपुगेको छ । यो दर प्रतिस्थापन तहभन्दा पनि कम रहेको छ, जसको अर्थ एउटा महिलाले आफ्नो प्रजननयोग्य उमेरमा औसतमा दुईभन्दा कम बच्चाको जन्म दिन्छिन् ।

यो प्रजनन दरमा आएको गिरावटले भविष्यमा काम गर्ने उमेर समूहको जनसङ्ख्या कम हुन सक्छ, जसले नेपालको श्रम बजारमा कम जनशक्तिको समस्या निम्त्याउन सक्छ । यसले विकास निर्माण र आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्न सक्छ । विगतमा अपनाइएको परिवार नियोजन नीति र स्वास्थ्य सेवाको सुधारले जनसङ्ख्या स्वास्थ्य सूचकहरूमा उल्लेखनीय प्रगति हासिल गरेको छ । तर अब, नयाँ परिस्थितिमा उपयुक्त नीति अपनाउँदै, प्रजनन दरलाई प्रतिस्थापन तहमा कायम गर्न र जनसङ्ख्यामा सन्तुलन कायम गर्न ठोस राजनैतिक निर्णय आवश्यक छ ।

मृत्यु दरमा आएको कमीले पनि नेपालको जनसङ्ख्या संरचनामा प्रभाव पारेको छ । २०७८ सालमा नेपालको कोरा मृत्युदर ६.८ जना प्रतिहजार रहेको छ, जुन विगतका वर्षहरूमा भन्दा कम हो । शिशु र बाल मृत्युदरमा आएको गिरावटले औसत आयुमा सुधार ल्याएको छ, जुन हाल ७१.३ वर्ष पुगेको छ । औसत आयुको वृद्धिमा मृत्यु दरमा आएको कमी, शिशु तथा बाल मृत्यु दरमा सुधार, र बसाइसराइले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपालमा बसाइसराइ, विशेष गरी आन्तरिक र बाह्य बसाइसराइ, जनसङ्ख्या घटबढको एक प्रमुख कारक हो । जनगणना २०७८ अनुसार नेपालको करिब ३१ प्रतिशत जनसङ्ख्या आफ्नो जन्मस्थलमा बस्दैन । तराईमा बसाइसराइ बढी भइरहेको छ भने हिमाली र पहाडी जिल्लाहरूमा जनसङ्ख्या घट्दो क्रममा छ । आन्तरिक बसाइसराइको मूल्याङ्कन गर्दा बागमती प्रदेशमा न्यूनतम हानि देखिएको छ, जबकि गण्डकी र कर्णाली प्रदेशले जनसङ्ख्यामा उल्लेखनीय क्षति व्यहोरेका छन् ।

जनसङ्ख्या राजनैतिक विषय र विकासको आधार स्तम्भको रूपमा महत्त्वपूर्ण भूमिका खेल्छ । कल्याणकारी योजना, समावेशी विकास र लोकतन्त्रको संस्थागत विकासको मेरुदण्डको रूपमा लिइन्छ । जनसङ्ख्या तथ्याङ्कको व्यवस्थापनमा सबै क्षेत्रको संलग्नता आवश्यक पर्दछ किनकि यो तथ्याङ्कले सामाजिक आर्थिक र राजनैतिक निर्णय प्रक्रियालाई मार्गदर्शन गर्न मद्दत गर्दछ । जनसङ्ख्या व्यवस्थापन गर्नको लागि सामयिक, सान्दर्भिक, भरपर्दो र गुणस्तरीय जनसाङ्ख्यिक तथ्याङ्क आवश्यक छ ।  यदि जनसङ्ख्याको वृद्धि, बनावट र वितरणलाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्न सके राष्ट्रिय विकासमा सकारात्मक योगदान पु¥याउनेछ ।

नेपालको जनसङ्ख्याको विशेषता युवाहरूको बाहुल्यता, प्रजनन दर प्रतिस्थापन तहभन्दा कम रहेको, मातृ तथा शिशु मृत्युदरमा सुधार औसत आयुमा वृद्धि, लैङ्गिक असमानता, असमान जनसङ्ख्या वितरण, अव्यवस्थित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बसाइसराइ, ज्येष्ठ नागरिकहरूको सङ्ख्यामा वृद्धि बढिरहेको, युवा विदेशतर्फ आकर्षित भएका आदि पाइन्छ ।

लैङ्गिक समानता र समावेशी तथ्याङ्कमा जोड दिई भौगोलिक सन्तुलन कायम गर्न जनसङ्ख्या व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्न ढिला गर्नु हुँदैन । नेपालमा रहेको विद्यमान आर्थिक तथा राजनैतिक अनिश्चितता र विश्व समुदायको द्रुत परिवर्तित दुनियाँमा, प्रमाणमा आधारित समाधानहरू र विश्वसनीय, समावेशी तथ्याङ्क प्रयोग गरेर सुदृढ प्रणालीहरू र समाजहरू निर्माण गरी शान्त र समृद्ध भविष्य हासिल गर्न सकिन्छ ।

# खाद्यान्नमा अब कृषि–क्रान्ति सम्भव छैन !

*आज सिन्चाइको योजना बन्छ, अर्को वर्ष त्यसलाई बनाउने भनेर ऋण लिइन्छ, ठेक्का र मिति थपिँदै जान्छन् अनि त्यो नहर बन्ने बेलासम्म खेत नै बाँकी रहन्न । मलको समस्या हरेक वर्ष दोहोरिन्छ, मल त आउँदैन, तर कारखाना खोल्ने निर्णय हुन्छ ।*



नारायण गाउँले

सुन्दा नमिठो लाग्ला, तर हामीकहाँ खाद्यान्नमा अब कृषि–क्रान्ति सम्भव छैन ! केही दशकअघिसम्म हामी कृषि उत्पादमा आत्मनिर्भर थियौँ, त्यही अवस्थासम्म फर्किन सके हाम्रा लागि क्रान्ति त्यही हो !

व्यावसायिक कृषिका लागि हामीसँग जग्गा नै छैन । आज लहलह देखिने धानखेत अर्को वर्ष जाँदा सिमेन्टका पोल ठड्याएर उजाड़ प्लटिङमा फेरिएको हुन्छ ! अझ दिक्दारी त, हजार वर्षअघि डिजाइन गरिएका युरोपका सड़कमा फुटपाथ छ तर



हाम्रा आजका प्लटिङ् हेर्नुभयो भने त्यहाँ फुटपाथको कन्सेप्टसम्म पनि छैन । शासक र नीतिनिर्माताको आँखा पनि बन्द छ ! छ मिटरको बाटोमा दोहोरो फुटपाथ राख्नुभो भने एउटा दमकल पनि पास हुँदैन ।

भूमिसुधारको क्षेत्रमा हामी फेल भइसक्यौँ ! जग्गा यसरी टुक्राटुक्रा बनिसके कि खेती त छोड्नुहोस्, एउटा उद्योग खोल्नपुग्ने एकीकृत जग्गा छैन । समग्र उद्योग भन्दा जग्गा किन्न महँगो छ । खेतमा खेतीमात्रै गर्न पाइने नियम बनाएको भए यसरी दुर्दशा आउने थिएन ।

आज सिञ्चाइको योजना बन्छ, अर्को वर्ष त्यसलाई बनाउने भनेर ऋण लिइन्छ, ठेक्का र मिति थपिदै जान्छन् अनि त्यो नहर बन्ने बेलासम्म खेत नै बाँकी रहन्न । मलको समस्या हरेक वर्ष दोहोरिन्छ, मल त आउँदैन, तर कारखाना खोल्ने निर्णय हुन्छ । हामी फिजिबिलिटी त हेर्दैनौं भन्ने पोखरा र भैरहवा एअरपोर्टले देखाएकै छन् । कुनै दिन कारखाना खुल्ला पनि, तर त्यतिन्जेल त्यो मल हाल्ने खेती नै रहन्न ! कारखानाको ऋण तिर्न युवालाई मलेशिया बेच्न पर्छ !

टुक्रा टुक्रा जग्गामा प्रतिष्पर्धी रूपमा कृषि असम्भवजस्तै हुन्छ । घरगाउँलाई त पुग्ला, तर त्यसले खुला बजारमा स्पर्धा गर्न सक्दैन ।  एक बिगाहा जग्गामा एकै मेलोमा जोत्नसक्ने विशाल ट्र्याक्टर, हाम्रा जिल्लाभन्दा ठूला खेतहरू र अत्याधुनिक प्रविधिको प्रयोग गरेर उत्पादन हुने कृषिउत्पादसँग हाम्रो सानोसानो टुक्रामा अर्मपर्म गरेर गरिने खेतीले कसरी स्पर्धा गर्नु ? सोच्नुस् त, विश्वकै महँगो ढुवानि मध्येको एक नेपालमा भारतको काश्मीर या चीनको तिब्बतबाट हप्तौं लगाएर आउने स्याउभन्दा हाम्रो जुम्ला या मुस्ताङ्को स्याउ किन महँगो हुन्छ ? चर्को ढुवानि तिरेर टाढा भारतबाट आउने गोलभेडा र करेलासँग पनि हाम्रो धादिङ् र काभ्रेका उत्पादनले प्रतिस्पर्धा गर्न सक्दैनन्, किन ? स्केलका कारण, प्रविधिका कारण ! ठूलो रिस्क लिएर, च्यानलपिच्छे घूस खुवाएर र अवैध ढुवानीको खर्च बेहोरेर आउने भारतीय कुखुराका चल्ला त हाम्रो उत्पादनभन्दा महँगो हुनुपर्ने हो नि तर उल्लेख्य सस्तो पर्ने भएकाले यस्तो पैठारी हुँदै आएको छ । धान, मकै, गहुँ, कोदोजस्ता खाद्यान्नमा अप्ठेरो भए पनि सानो स्केलमा पनि उल्लेख्य फाइदा लिन सकिने मसला, फलफूल र तरकारीजस्ता नगदे बालीतिर हामीले काम गर्न सक्नुपर्ने हो ।

माओवादीले क्रान्तिको नाममा, सामन्त र शोषकको नाममा अलिकति नगद भएका, सरसापट चलाउन सक्ने र पढ़ेलेखेका नागरिकहरूलाई गाउँबाट लखेटेपछि गाउँको अर्थतन्त्र र सुरक्षा मर्दै गएर व्यापक रूपमा आन्तरिक बसाइँ सराइ बढेको थियो । त्यसको पहिरो अझै रोकिएको छैन र हाम्रा गाउँघर उजाड़ हुँदै गएका छन् भने तराईको कृषि योग्य जमीन खुम्चिँदै गएको छ । कम्तिमा तिनले परिवारका लागि पुग्ने खाद्यान्न, दलहन र तरकारी आफै उत्पादन गर्ने गर्थे । आज ती सबै आयात गर्नुपर्छ । उत्पादन हुने ठाउँमा तलका जस्ता घर र बाँदर मात्रै भेटिन्छन् ।

हामीकहाँ तीस–चालीस वर्षका लागि सोचेर नीति बनाउने, जुन सरकार आए पनि त्यसको स्वामित्व लिने र समायानुकूल परिमार्जन गर्दै अघि बढाउने परम्परा छैन । हाम्रो ध्यान कसलाई मन्त्री बनाउने, कसरी मन्त्रालय फुटाउने र भाग पुर्‍याउने, कसरी चुनाबका लागि पैसा थुपार्ने र कसरी शक्तिको केन्द्रमा झुन्डिरहने भन्नेतिर मात्रै छ । कृषि मन्त्रालयसमेत नितान्त व्यक्ति व्यवस्थापनका लागि टुक्रा पारेर पशुमन्त्री बनाएका ओली अहिले पनि प्रधानमन्त्री छन् ।

भूमिसुधार, सहरी विकास, कृषि र उद्योगका आफ्नै मन्त्रालय, अरबौको बजेट, हजारौँ कर्मचारी अनि मन्त्रीहरू छन् । अझ प्रदेशपिच्छे यस्ता भद्दा संरचना र खर्च छ । तर ती किन मन्त्री छन् भन्ने तिनैलाई थाहा छैन । योजना बनाउने राष्ट्रिय योजना आयोग पनि छ ! तर हाम्रा आँकडा भने निरन्तर ओरालो लाग्दा छन् ।

हाम्रो जलविद्युत्को सम्भावना ठूलै छ, त्यसै खेर गएको छ । बस्ती र खेती नभएका धेरै पहाड़ी क्षेत्र पनि कति छन् कति । तर एउटा समाचार पढ़ियो, धनुषामा ८० बिघा जग्गामा आँपखेती फाँडेर सोलार फार्म राख्ने तयारी हुँदै रहेछ ! हाल सिँचाइको कुनै योजना नरहेकाले त्यस्तो अनुमति दिन लागेको बुझियो ।

बढ्दो गर्मी, सुख्खा र क्लाइमेट चेन्जसँग पहिल्यै जुधिरहेको त्यो क्षेत्रमा आँपका त्यति धेरै रूख काटेर सोलार फार्म बनाउँदा त्यसको वातावरणीय असर के होला ?

# आलोचक हुँदै अहिले ट्रम्पका सच्चा समर्थक बनेका भ्यान्स

किरण दहाल/आमोद प्याकुरेल

*यहाँ राजतन्त्रवादी व्यक्ति कुनै बेला गणतन्त्रवादी भइदिन सक्छ । गणतन्त्रवादी कुनै पनि बेला राजतन्त्रवादी भइदिन सक्छ । धर्मनिरपेक्षताको गीत गाउँदागाउँदै कोही हिन्दूवादी या अर्को धर्मको सर्वोच्चताको वकालत गरिदिन सक्छ । शीर्ष नेतालाई गाली गर्दै पार्टी विभाजन गरेकाहरू केही समयपछि खरो प्रशंसक बन्दै फर्किन्छन् । पार्टीभित्रै पनि एउटा गुटमा रहेर अर्को गुटको नेताको चर्को आलोचना गर्नेहरू अवसरका लागि गुट परिवर्तन गरिदिन सक्छन् ।*

अमेरिकामा रिपब्लिकनबाट यस पटक उपराष्ट्रपतिका उम्मेदवार छन् – जेडी भ्यान्स । उनी कुनै समय राष्ट्रपतिका उम्मेदवार डोनाल्ड ट्रम्पका कडा आलोचक थिए । सन् ०१६ को निर्वाचन नजिकिँदै गर्दा सार्वजनिक रूपमा उनी ट्रम्पलाई 'पागल' र 'घटिया' भन्थे, अझ साथीभाइसँगको गफगाफमा जर्मनीका तानाशाह हिट्लरसँग तुलना गर्थे । अमेरिकाका राष्ट्रपतिका लागि ट्रम्प कुनै पनि हिसाबले उपयुक्त पात्र नभएको उनको ठहर थियो । तर समय उस्तै रहेन। 'अल्जजिरा'का लागि ब्रायन अडगुडले लेखेका छन्, '२०२२ मा, जब भ्यान्स ओहायो राज्यको सिनेटका लागि प्रतिस्पर्धामा थिए, उनको दृष्टिकोण परिवर्तन भयो । २०२० को राष्ट्रपति चुनावमा व्यापक जालसाजी भएको झूटा दाबी प्रस्तुत गर्दै उनले ट्रम्पको राजनीतिक शैली अपनाए । अन्ततः उनले पूर्वराष्ट्रपति (ट्रम्प)को समर्थन पाए ।'

अहिले ट्रम्पका सच्चा समर्थक कोही छ भने ती भ्यान्स हुन् । उनले सिनेटमा विजयी भएपछि पनि ट्रम्पलाई निरन्तर समर्थन गरिरहे, ट्रम्पका विरोधीलाई कटाक्ष गरिरहे । अब त झन् ट्रम्पले आफ्नो उपराष्ट्रपतिका लागि छानेपछि आफ्ना हरेक भाषणमा उनी ट्रम्पको समर्थन मात्र गर्दैनन्, उनका कतिपय विवादास्पद अभिव्यक्तिको बचाउ गर्छन् । त्यतिबेला भ्यान्सले ट्रम्पलाई गरेका गाली अहिले सामाजिक सञ्जालमा भाइरल बनिरहेका छन् । तर यसले उनीहरूको सम्बन्धमा खास असर पारिरहेको छैन । पछिल्ला वर्षहरूमा भ्यान्सको परिवर्तनले धेरैलाई अचम्ममा पारेको छ । उनको यल ल स्कुल पढ्दाकी साथी हुन्, सोफिया नेल्सन । कलेज पढ्दा उनीहरू नजिकका मित्र थिए । दुवै जना मध्य–पश्चिमी क्षेत्रको सामान्य श्रमिक परिवारबाट आएकाले पनि छिटो समयमा घनिष्ठ मित्र बनेका थिए । पढाइ सकिएपछि पनि उनीहरू सम्पर्कमा रहे, एकअर्कासँग नियमित भेटघाट गरे, इमेल र फोनमा कुराकानी गर्थे । राजनीति र कानूनबारे उनीहरूको गहन बहस हुन्थ्यो । सन् २०१५ ताका नेल्सनसँगको कुराकानीमा उनी ट्रम्पलाई 'डेमागग' भन्थे । नेल्सनले केही समयअघि न्युयोर्क टाइम्सलाई दिएको अन्तर्वार्ताअनुसार भ्यान्सले कलेज पढ्दा समर्थन गरेका कतिपय मुद्दा रिपब्लिकनका लागि असह्य हुने खालका थिए ।





उनी नेल्सनसँगको गफागाफमा अश्वेत समुदायप्रति सद्भाव देखाउँथे । उनीहरूलाई गरिएको भेदभावले भ्यान्सलाई आक्रोशित बनाउँथ्यो । अक्टोबर २०१४ मा प्रहरीले अश्वेत समुदायका १८ वर्षीय युवक माइकल ब्राउनलाई फर्गुसनमा मारेपछि विरोध भड्कियो, त्यसपछि भ्यान्सले नेल्सनलाई भने, 'म पुलिसलाई घृणा गर्छु । मेरो हालैका खराब अनुभवका आधारमा, अश्वेत मानिस कुन अवस्थाबाट गुज्रनुपर्ने हो, म कल्पना पनि गर्न सक्दिन ।' उनले ती युवकका लागि क्षतिपूर्तिसमेत माग गरेका थिए । श्रमिक वर्गलाई बेवास्ता गरेको भन्दै उनी रिपब्लिकन पार्टीलाई खुब गाली गर्थे । यल स्कुल पढ्दा एउटै कोठामा भ्यान्ससँग बसेका म्याकलरिनले विभिन्न मिडियामा बताएअनुसार ट्रम्पले गरिबहरूको शोषण गरेको भन्दै उनी रुष्ट बन्थे ।

भ्यान्सको समर्थन 'क्वियर'लाई पनि थियो। नेल्सन पनि 'क्वियर' हुन् । सन् २०१५ मा उनी 'प्राइड मुभमेन्ट'मा सहभागी भएका थिए। त्यतिबेला उनले नेल्सनलाई भनेका थिए, 'त्यहाँ जाँदा मलाई एउटा रमाइलो पार्टीमा पुगेको जस्तो महसुस भयो । त्यति धेरै खुशी मानिस देख्न पाउँदा मलाई पनि असाध्यै खुशी लाग्यो ।'

२०१६ जुलाई ४ मा भ्यान्सले द एटलान्टिकका लागि लेख लेखे । उनले आफ्नो लेखमा ट्रम्पमाथि थुप्रै प्रश्न उठाएका थिए। निरन्तर गुम्दै गएको रोजगारी र लागुऔषधजस्ता विकराल समस्याको निराकरणमा ट्रम्प संवेदनशील नभएको उनको आरोप थियो। अमेरिका र मेक्सिकोको बोर्डरमा पर्खाल लगाएर लागुऔषधको समस्या समाधान गर्ने ट्रम्पको रणनीतिको उनी आलोचक सुनिन्थे। ट्रम्पले देखाएका अधिकांश समस्या वास्तविक भए पनि त्यसको समाधानका निम्ति उनीसँग ठोस योजना नरहेको उनको दाबी थियो ।

भ्यान्स एक समय गर्भपतनको मामलामा पनि प्रगतिशील देखिन्थे । यसलाई उनीहरू महिलाको अधिकारसँग जोडेर हेर्थे । तर अहिले उनले केही समयदेखि गर्भपतनको विरोध गरिरहेका छन् र जन्मदर बढाउने नीतिलाई समर्थन गरिरहेका छन् । बरु बच्चा जन्माउँदा लाग्ने अस्पतालको खर्च निःशुल्क बनाउने र आर्थिक प्रोत्साहन दिएर भए पनि बच्चा जन्माउन प्रोत्साहन गर्नुपर्ने उनको तर्क छ । ट्रम्पलगायत अरू धेरै रिपब्लिकनको 'लाइन' यही हो ।

आफ्नो लेखमा भ्यान्सले भनेका छन् – ट्रम्प 'कल्चरल हेरोइन' हुन्, उनले थोरै समयका लागि मानिसलाई आनन्दित बनाउँछन्, तर समस्या समाधान दिन सक्दैनन् । एक दिन सबैले यो महसुस गर्नेछन् । भ्यान्सले २०१६ मा यी कुरा भन्दै गर्दा अमेरिकी राष्ट्रपति चुनावको माहौल अहिलेजस्तै गरमागरम भइसकेको थियो । त्यसको ठिक आठ वर्षपछि भ्यान्स उनै ट्रम्पको हात समाएर उपराष्ट्रपतिमा आसीन हुने कसरतमा छन् । ट्रम्पलाई लागु औषध 'हेरोइन'को रूपमा विश्लेषण गर्ने उनी अहिले त्यही हेरोइनमा लट्ठिएको भान हुन्छ ।

भ्यान्सले आफ्नो पुरानो मान्यता तिलाञ्जलि दिएर नयाँ मैदानमा प्रवेश गरिसकेका छन् । उनको यु–टर्नका कारण धेरैले उनलाई अवसरवादीको रूपमा व्याख्या गरिरहेका छन् । विगत एक दशकमा उनले लिएका बाटोहरूले त्यसलाई पुष्टि गर्छ । आफ्नो स्वार्थ पूरा गर्न उनी जता पनि ढल्किन सक्छन् । उनी आफू अनुकूल वातावरण बनाउन सक्छन् वा आफूलाई फाइदा हुन्छ भने जस्तोसुकै अनुपयुक्त वातावरणमा पनि सहज रूपमा मिसिन सक्छन् । उनको यस खुबीमाथि अमेरिकी मिडियाले नै प्रशस्त लेखिसकेका छन् । 'सिकागो ट्रिब्युन'का लागि मार्क लिन फर्गुसनले उनका बारेमा भनेका छन्, 'उनी कुनै पनि परिस्थितिमा आफूलाई मिलाउन सक्छन् । म उहाँमा दृढताको कमी र चरम राजनीतिक विचारबाट व्यक्तिगत रूपमा म चिन्तित छु ।'



उनीमाथि नेल्सनको विश्लेषण छ – पहिला पहिला भ्यान्सको ध्यान पैसा कमाउने थियो, अहिले शक्ति हात पार्नेमा छ ।

भर्खर ४० वर्ष पुगेका यी धनाढ्यसँग अथाह सम्पत्ति छ । उनको सम्पत्ति चारदेखि ११ मिलियन डलरको बीचमा छ । तर दायित्व अपेक्षाकृत कम छ, अर्थात् लाख लाख ५० हजारदेखि १.५ मिलियन डलर छ । सीएनएनमा प्रकाशित रिपोर्टअनुसार उनीसँग एउटा घर छ, दुई व्यवसायमा लगानी छ र आफ्ना छोराछोरीका लागि तीन वटा छुट्टै बचत खाता छन् ।

पैसा र शक्ति भनेपछि नेपाली राजनीतिज्ञ पनि हुरुक्क भएको हामी देखिरहेका छौँ । अथवा भनौँ, हामीले झेलिरहेका छौँ । भ्यान्स प्रवृत्ति संसारभर देखिन्छ र यो नेपाली राजनीतिको पनि साझा प्रवृत्ति हो । पैसा टन्न कमाएर शक्ति आर्जन गर्ने लोभमा संसद्देखि सरकारमा समेत पुगेका पात्रहरूबारे यहाँ चर्चा गर्नु आवश्यक छैन । तर यो प्रवृत्तिमाथि निरन्तर प्रश्न उठाउन जरुरी छ । पैसा र शक्तिले उन्मत्त भएको व्यक्ति राजनीतिमा हानिकारक र डरलाग्दो हुनसक्छ । त्यस्ता पात्र नेतृत्वमा पुग्दा नागरिकका सपना र आकांक्षा भने रसातलमा पुग्छन् ।

त्यस्ता पात्र नेपाली राजनीतिमा विगतमा पनि थिए, अहिले पनि छन् । अहिले यो भिड झन्झन् बढिरहेको छ । २००७ सालमा प्रजातन्त्रका लागि लडेका कतिपय नेता २०१७ सालमा महेन्द्रसँग मिल्न पुगे । जबकि, प्रजातन्त्रप्रति आस्थावान् जो कोही पञ्चायतको समर्थन गर्न र त्यसमा मिसिन जानै सक्दैनथ्यो । फेरि पञ्चायतमा हालीमुहाली गरेकाहरू बहुदलमा पनि फिट हुन सके । यो पनि अनौठो थियो ।

यहाँ राजतन्त्रवादी व्यक्ति कुनै बेला गणतन्त्रवादी भइदिन सक्छ । गणतन्त्रवादी कुनै पनि बेला राजतन्त्रवादी भइदिन सक्छ । धर्मनिरपेक्षताको गीत गाउँदागाउँदै कोही हिन्दूवादी या अर्को धर्मको सर्वोच्चताको वकालत गरिदिन सक्छ । शीर्ष नेतालाई गाली गर्दै पार्टी विभाजन गरेकाहरू केही समयपछि खरो प्रशंसक बन्दै फर्किन्छन् । पार्टीभित्रै पनि एउटा गुटमा रहेर अर्को गुटको नेताको चर्को आलोचना गर्नेहरू अवसरका लागि गुट परिवर्तन गरिदिन सक्छन् । २०७७ र २०७८ सालमा तत्कालीन नेकपा र एमालेभित्रको अन्तसंघर्षमा केपी ओलीलाई आलोचना गर्नेहरूले केही समयमै उनको प्रशंसामा खर्चिएका शब्दलाई धेरैले ख्याल गरेको हुनुपर्छ । यस्तो प्रवृत्ति धेरै पार्टीमा छ ।

समय क्रममा मानिसको चेतना वा बुझाइमा परिवर्तन हुनु फरक कुरा हो । तर व्यक्तिगत स्वार्थ, सुरक्षा र परिवार त्यागेर कुनै बेला सामाजिक न्याय र उन्नत समाजको कल्पना गरेका मानिसले पश्चगमनको बाटो रोजेका छन् । यस्तोचाहिँ चेतना वा बुझाइमा परिवर्तन आएकाले होइन, अवसरवादी चरित्रका कारणले हो भन्न सकिन्छ ।

वैभव मधेशदृष्टि
२०८१ साल भाद्र ०८ गते शनिबार
Saturday 24, August 2024

# हसिनाको सत्ता ढाल्न आन्दोलन गर्ने महिलाहरू

अकबर हुसैन



**ढाका ।**
प्रधानमन्त्री शेख हसिनाको १५ वर्ष लामो शासन ढाल्ने गरी बाङ्ग्लादेशमा भएको आन्दोलनमा यसपालि मैले यसअघि नदेखेका दृश्यहरू देखेँ । यसपालि ठूलो संख्यामा महिलाहरू विरोधप्रदर्शनमा सहभागी भएको र नाराबाजी गरेको धेरैतिर देखियो ।

'विरोधप्रदर्शनहरूमा महिला तथा किशोरीहरूको सहभागिता अभूतपूर्व थियो' ढाकास्थित नोर्थ साउथ यूनिभर्सिटीका राजनीतिशास्त्री तथा समाजशास्त्री डा. बुलबुल सिद्दिकीले भने । सरकारविरुद्ध केही प्रदर्शन आयोजना गर्न सघाएकी एकल महिला तथा व्यावसायिक बडीबिल्डर फरजाना लीओको विचारमा ठूलो स्तरमा महिलाहरूको सहभागिता नभइदिएको भए शेख हसिनालाई सत्ताच्युत गर्ने गरी आन्दोलन सफल नहुन पनि सक्थ्यो ।

उनी ४३ वर्षकी छिन् र यसअघि राजनीतिक रूपमा सक्रिय थिइनन् । तर युवा प्रदर्शनकारीहरूमाथि सरकारी सुरक्षाकर्मीहरूले गोली चलाएको देखिने भिडिओ हेरेर उनी स्तब्ध भइन् । 'मलाई लाग्यो सडकमा जानु र उनीहरूको रक्षा गर्नु मेरो नैतिक उत्तरदायित्व हो' मिरपुरस्थित आफ्नो व्यायामशालामा कुरा गर्दै उनले भनिन् । मिरपुर सरकारविरोधी प्रदर्शनका मुख्य केन्द्रहरूमध्ये एक थियो ।

**'देश बचाउने जिम्मेदारी'**
सडकमा निस्केका युवाहरूबाट पनि उनी प्रभावित भएकी थिइन् । महिलाहरू पनि प्रदर्शनमा सहभागी हुन सुरु गरेपछि त्यसले अरू महिला तथा पुरुषहरूमा आँट जुटाउन सहयोग ग¥यो । 'जब छोराछोरीले आफ्ना आमाबाट सहयोग पाउँछन् तब छोराछोरी बहादुर बन्न पुग्छन्' उनले भनिन् । 'आमाले भनेका कुरा छोराछोरीले सुन्छन् पनि । 'यदि तिमीहरू लड्दैनौँ भने देश कसले बचाउँछ ?' यो साहस घरबाट आउनुपर्छ' उनले थपिन् ।

सरकारी जागिरमा आरक्षण हटाउनुपर्ने मागसहित विश्वविद्यालयका विद्यार्थीहरूले जुलाई महिनाको सुरुतिर शान्तिपूर्ण विरोधप्रदर्शन थाले । तर पछि त्यो सरकारविरोधी एउटा व्यापक आन्दोलनमा परिणत भयो ।

राष्ट्रसङ्घीय मानव अधिकार कार्यालय (ओएचसीएचआर) को प्रारम्भिक प्रतिवेदनअनुसार जुलाई १६ देखि अगस्ट ११ तारिखको अवधिमा करिब ६५० जनाले ज्यान गुमाए । उसका अनुसार मारिनेमा प्रदर्शनकारी, बटुवा, पत्रकार र सुरक्षाकर्मीलगायत छन् ।

सोह्र वर्षीया रिदिमा अहमद र उनका साथीहरूलाई शेख हसिनाको अवामी लीग पार्टीप्रति बफादार सशस्त्र समूहका सदस्यहरूले अवरोध गर्न खोजे । तर उनीहरूले प्रदर्शनमा जान छोडेनन् ।

छोरी र उनका साथीहरूलाई रोक्ने प्रयास गर्नुको साटो रिदिमाकी आमा साइमा पनि आन्दोलनमा जान थालिन् । 'सबैका बच्चा आफ्नै बच्चाजस्तै हुन्छन्, आमाको माया भनेको यही त हो' उनले भनिन् ।

**जो सुरक्षाकवच बने**
संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनअनुसार 'शान्तिपूर्ण प्रदर्शनकारी होऊन् अथवा घरेलु हातहतियारसहित आएका प्रदर्शनकारी होऊन– प्रहरी र अर्धसैनिक फौजहरूले प्रत्यक्ष गोली प्रहारसहित निरन्तरजसो अन्धाधुन्ध बल प्रयोग गरेको देखियो ।' उसका अनुसार गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी तथा थुनामा राखिएका, बेपत्ता पारिएका र यातना दिइएका भन्ने आरोप लगाइएका रिपोर्टहरू छन् । थुनामा रहेका बेला घाइते बनाइएका भनिएका प्रदर्शनकारीहरूका आमाबुवासँग पनि बीबीसीले कुराकानी गरेको छ ।

यद्यपि तात्कालिक सरकारको दाबीअनुसार आत्मरक्षा अथवा सरकारी सम्पत्तिको सुरक्षा गर्नुपर्ने अवस्थामा मात्र सुरक्षाकर्मीबाट गोली चलाइएको थियो । यातना दिइएको कुरालाई भने निरन्तर अस्वीकार गरिएको छ ।

बालकालिकासम्बन्धी राष्ट्रसङ्घीय निकाय यूनिसेफका अनुसार प्रदर्शनका क्रममा ३२ बालबालिका मारिएका छन् । बाङ्ग्लादेशको एउटा पत्रिकाले त प्रदर्शनका क्रममा ६६ बालबालिका मारिएका जनाएको छ । 'उनीहरूलाई जसरी यातना दिइँदै र मारिँदै थियो, त्यो टुलुटुलु हेरेर एउटी कसरी घरभित्र बस्न सक्थिन् ?' साइमाले थपिन् । 'धेरै महिला तथा किशोरीहरू आफ्ना छोराछोरी एवं दाजुभाइका लागि सुरक्षाकवच भनेर प्रदर्शनको अग्रपङ्क्तिमा उभिए' डा सिद्दिकी भन्छन् ।प्रदर्शनका क्रममा सार्वजनिक रूपमा महिलाहरूमाथि आक्रमण नहोला भन्ने बुझाइएका आधारमा पनि त्यसो भएको उनको ठम्याइ छ । यद्यपि 'त्यो रणनीतिले काम नगरेको' डा सिद्दिकी बताउँछन् । उनका अनुसार मध्यजुलाईमा आन्दोलन चर्केपछि महिलाहरूमाथि पनि आक्रमण भयो र केही महिला गम्भीर घाइते पनि भए ।

बाङ्ग्लादेश बन्नुअघिका राजनीतिक आन्दोलनहरूमा पनि महिलाहरू सहभागी भएको डा सिद्दिकी स्मरण गर्छन् । उनका अनुसार ब्रिटिश शासनका बेला उपनिवेशविरोधी आन्दोलन एवं सन् १९५२ मा बङ्गाली भाषाको मान्यताका लागि गरिएका आन्दोलनमा महिलाहरूको सहभागिता थियो । तर ती आन्दोलनसँग अहिलेको आन्दोलनलाई तुलना गर्न नमिल्ने उनको तर्क छ । किनभने अहिलेको आन्दोलनमा महिलाहरूको ठूलो सहभागिता रह्यो ।

उनी भन्छन्, 'परिवार भित्रबाट केटीहरूलाई बढ्दो सहयोग, ठूलो संख्यामा युवतीहरूको उच्च शिक्षामा संलग्नता, सामाजिक सञ्जालमार्फत् सूचनामा पहुँचले एउटा पुस्ता निर्माणमा मद्दत पुगेको छ जुन पुस्ता अघिल्ला पुस्ताहरूभन्दा निकै आत्मविश्वासी बनेका छन् ।'

**आवाजको कदर होओस्**
शेख हसिना पदच्युत भएको र शरणका लागि भारत पुगेको दुई साताभन्दा बढी समय भएको छ । नोबेल पुरस्कार विजेता प्राध्यापक मुहम्मद युनुसले अन्तरिम सरकारको नेतृत्व गरेका छन् । ढाकामा लगभग जनजीवन सामान्य बनेको छ । तर विद्यार्थीहरू अझै सडकमा छन् ।

उनीहरूमध्ये कतिपयले लोकतन्त्र, धार्मिक सहिष्णुता एवं न्यायको नारासहित भित्तेचित्र बनाइरहेका छन् । त्यसमा विश्वविद्यालयकी एक २४ वर्षीया छात्रा साल्वा सराह पनि छिन् । 'हामी भ्रष्टाचारमुक्त देश चाहन्छौँ । हाम्रा विचारको सम्मान हुनैपर्छ' उनले भनिन् । तेइस वर्षीया अर्की छात्रा तान्जिना आफ्रिन चुनावमार्फत् आफ्ना नेता छान्न पाउने वातावरण बनोस् भन्ठान्छिन् । 'निर्णय प्रक्रियामा हाम्रो आवाज सुनिनुपर्छ । युवा पुस्ताका आशा एवं आकाङ्क्षालाई सरकारले अनुभूत गर्नुपर्छ' उनले थपिन् । बिबिसी

# युट्युबमा रोनाल्डोः रेकर्डको वर्षा




बुधबार चर्चित फुटबलर क्रिस्टियानो रोनाल्डोले आफ्नो करियरकै नयाँ कदम चाले । फुटबलमा दुई दशक बढी बिताइसकेका यी महान् खेलाडीले अन्ततः कन्टेन्ट क्रियटरका रूपमा युट्युबमा सक्रिय हुने सङ्कल्प गरे । र, बुधबारदेखि युट्युबमा एकै पटक १८ ओटा भिडिओ राखेर नयाँ परियोजनाका रूपमा उनले 'योर क्रिस्टियानो' (UR Cristiano ) युट्युब च्यानल सञ्चालनमा ल्याए ।

उनले फेसबुक, इन्स्टाग्राम र एक्स अकाउन्टबाट युट्युब च्यानल सञ्चालनमा ल्याएको घोषणा गरेका थिए । त्यसको २२ मिनेटमै उनको च्यानलमा एक लाख सब्सक्राइबर पुगे । यससँगै यो च्यानल सबैभन्दा कम समयमा एक लाख सब्सक्राइबरको आँकडा पार गर्ने च्यानल बन्यो । त्यसको ९० मिनेटमै उनको च्यानलमा १० लाख बढी सब्सक्राइबर पुगे । सबैभन्दा कम समयमा १० लाख सब्सक्राइबरको आँकडा पार गर्ने रेकर्ड पनि रोनाल्डोकै नाममा आयो । त्यसबाहेक ४७ मिनेटको अवधिमा १० लाख सब्सक्राइबर पाएर यस च्यानलले अर्को रेकर्ड पनि राखेको छ ।

त्यस्तै एक घण्टामा १२ लाख ७० हजार सब्सक्राइबर पाएर रोनाल्डो एक घण्टामा सबैभन्दा बढी सब्सक्राइबर पाउने युट्युबर बनेका छन् । त्यति मात्र नभइ 'योर क्रिस्टियानो' यस्तो च्यानल हो, जसले १२ घण्टाभन्दा कम समयमा एक करोड बढी सब्सक्राइबरको आँकडा पार गरेको छ । यससँगै १२ घण्टामै एउटा युट्युब च्यानलमा एक करोड बढी सब्सक्राइबर आएको यो पहिलो च्यानल हो । यही रफ्तारमा सब्सक्राइबर बढ्ने हो भने यो रेकर्ड रोनाल्डो आफैले तोड्न सक्छन् ।

अहिलेसम्म सब्सक्राइबरको रेकर्ड मात्र रोनाल्डोको नाममा आएको छ । युट्युब भिडिओमा आउने भ्युज, लाइक, डिस्लाइक जस्ता विषयको रेकर्ड भने उनको नाममा आइसकेको छैन । तर, निकट भविष्यमा यी विषयको रेकर्ड उनको नाममा नआउला भन्न सकिंदैन । सामाजिक सञ्जालका सबै प्लेटफर्ममा उनका ९० करोडभन्दा बढी फलोअर छन् । सामाजिक सञ्जाल एक्समा ११ करोड २० लाख फलोअर, फेसबुकमा १७ करोड र इन्स्टाग्राममा ६३ करोड ६० लाख बढी फलोअरका साथ सबैभन्दा बढी फलोअर हुने व्यक्तिका रूपमा रहेका छन् । यसअघि सात दिनमा एक करोड सब्सक्राइबरको आँकडा युट्युबर हेमस्टर कम्ब्याटले राखेका थियो । उक्त रेकर्ड रोनाल्डोले सबैभन्दा कम समय अर्थात १२ घण्टामै तोडेका हुन् ।

**युट्युबबाट कति कमाउलान् ?**
फुटबलर क्रिस्टियानो रोनाल्डो अहिले चर्चामा छन् । विश्वकै एक महान फुटबल खेलाडीका रूपमा दर्ज भइसकेका उनी सामाजिक सञ्जालका पनि ठूला सेलिब्रेटी हुन् । एक्स (पहिलेको ट्वीटर), इन्स्टाग्राम र फेसबुकमा उनका ९० करोड बढी फलोअर छन् । फेसबुक र इन्स्टाग्राममा सबैभन्दा बढी फलोअर हुने व्यक्ति नै रोनाल्डो हुन् । एक्समा अर्बपति उद्यमी एलन मस्क र पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामापछि रोनाल्डोले नै धेरै फलोअर पाएका छन् ।

रोनाल्डो सामाजिक सञ्जालमा कति चर्चित छन् भन्ने कुरा उनले हालै खोलेको नयाँ युट्युब च्यानलबाट पनि थाहा पाउन सकिन्छ । औपचारिक रूपमा बुधबारदेखि सञ्जालमा आएको उनको च्यानलले युट्युबमा कैयौं रेकर्ड बनाइसकेको छ । साउदी प्रो लिगकै सबैभन्दा महँगो खेलाडी रोनाल्डोले विभिन्न ब्रान्ड र विज्ञापन सम्झौताबाट अर्बौं रकम कमाउँदै आएका छन् । अब उनले 'यूआर क्रिश्चियानो' नामक युट्युब च्यानललाई आफ्नो आयको स्रोतका रूपमा जोड्दैछन् ।

रोनाल्डोले युट्युब च्यानल सञ्चालनमा ल्याउने हल्ला थिएन । बुधबार एकाएक शुरु भएको सो च्यानलमा यो समाचार तयार पार्दासम्म १९ ओटा भिडिओ अपलोड भएका छन् । फुटबल मैदानमा 'रेकर्ड ब्रेकर'का रूपमा चर्चित ३९ वर्षीय रोनाल्डोले अब ९० मिनेटको खेल अवधिमा १० लाख सब्स्क्राइबर पु¥याउने पहिलो युट्युब च्यानलको रेकर्ड बनाए ।



सोसल मिडिया प्लेटफर्मबाट उनले कति पैसा कमाएका छन् भन्ने कुरा थाहा पाउन कठिन छ । तर उनले आफ्ना भिडिओहरूबाट अकल्पनीय रकम आर्जन गरिरहेको अनुमान लगाउन सकिन्छ । यो समाचार तयार पार्दा उनको च्यानलमा दुई करोड २० लाख सब्सक्राइबर पुगिसकेका छन् । यसो त मोनिटाइज भएको युट्युब च्यानलबाट क्रियटरले यति भ्युजबाट यति नै रकम कमाउँछन् भन्ने हुँदैन । युट्युब च्यानल कहाँदेखि सञ्चालन भएको छ अनि उसको च्यानलमा अडियन्स कुन देशबाट आएका छन् भन्ने विषयले आम्दानीमा फरक पार्छ । कम्पनीले विज्ञापन लिंदा फरक फरक देशबाट फरक फरक दरले विज्ञापन लिइरहेको हुन्छ । जसलाई सीपीआर (कस्ट पर रिच) वा सीपीएम (कस्ट पर मिल) भनिन्छ ।

त्यस्तै क्रियटरले आरपीएम (रेभेन्यु पर मिल) अर्थात् क्रियटरले हजार भ्युजबाट गरेको आम्दानीबाट कम्पनीले काटेको ५५ प्रतिशत शुल्कपछिको रकमका रूपमा आम्दानी गर्छन् । यी दुवै पक्ष देश अनुसार फरक–फरक पर्छ ।

औसतमा हेर्ने हो भने युट्युबमा १००० भ्युज बराबरमा एउटा क्रियटरले २ देखि १२ डलरसम्म कमाउन सक्छन् । यो एकल भ्यूजमा ०.००२ देखि ०.०१२ डलरसम्म आम्दानी हुन्छ । युट्युबमा १० लाख भ्युज बराबरमा क्रियटरले लगभग १२०० देखि ६००० डलर (करिब एक लाख ६० देखि आठ लाख रुपैयाँ) सम्म कमाउन सक्छन् ।

रोनाल्डोले अहिलेसम्म ४० मिलियन बढी भ्युज पाइसकेका छन् । माथि उल्लेख गरिएको तथ्याङ्कलाई आधार मान्ने हो भने रोनाल्डोले हालसम्म औसतमा एक लाख ४४ हजार डलर (करिब एक करोड ९२ लाख रुपैयाँभन्दा बढी) आम्दानी गरिसकेको देखिन्छ । तर, त्यति भ्युजमा पनि कतिले विज्ञापनसहितका भिडिओ हेरे, कति भिडिओमा विज्ञापन खुला गरिएको छ भन्ने विषयले आम्दानी निर्धारण गर्छ । यसबाट विज्ञापन दरको हिसाब नगर्दा पनि उनले निकै धेरै रकम कमाइरहेको आँकलन गर्न सकिन्छ ।

विज्ञापनदाताले युट्युबलाई निश्चित दरमा भुक्तान गर्छन् । जसमा क्रियटरले ४५ प्रतिशत र प्लेटफर्मले ५५ प्रतिशत पाउने गर्छन् । उनका सबै भिडिओले २० लाखभन्दा बढी भ्युज पाइसकेका छन् । अपलोड भएका १९ मध्ये तीन भिडिओले एक करोड बढी भ्युज पाइसकेका छन् । अन्य भिडिओमा पनि भ्युज बढ्ने क्रम तीव्र छ । यी सबै भिडिओमा आएको भ्युज हेर्ने हो भने रोनाल्डोले विज्ञापनबाट मात्र ठुलो रकम कमाउँदैछन् ।

युट्युबबाट गोल्डेन प्ले बटन पाइसकेपछि रोनाल्डोले आफ्नो एक्स ह्यान्डलमा एक भिडिओ पोस्ट गरेका छन् । उक्त भिडिओमा उनलाई गोल्डेन युट्युब प्ले बटन प्रदान गरिएको देखाइएको छ । युट्युबमा १० लाख सब्स्क्राइबर पार गर्ने युट्युब च्यानललाई सम्मान स्वरूप यो गोल्डेन युट्युब प्ले बटन दिइन्छ । यो उपलब्धि रोनाल्डोले दुई घण्टाभन्दा कम समयमा हासिल गरेका थिए । सो भिडिओमा रोनाल्डोबाहेक उनका छोराछोरी पनि खुसी भई रमाएको देख्न सकिन्छ । रोनाल्डोले फ्यानहरुलाई धन्यवाद दिँदै भनेका छन्, 'सबै SIUUUbscribers लाई धन्यवाद !'

युट्युब च्यानलमा रोनाल्डो दिनमा कति पटक भिडिओ अपलोड गर्छन् भन्ने हेर्न बाँकी छ । उनले युट्युबमा पोस्ट गरेका भिडिओमा पनि अब आफ्ना समर्थकलाई उत्साहित बनाउने कन्टेन्ट ल्याउने प्रतिवद्धता दिएका छन् । – टेकपाना

# महानगरका कर्मचारी हकको निधनमा शोकसभा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका आइटी शाखामा कार्यरत कर्मचारी फयाजुल हकको कारले ठक्कर दिँदा मृत्यु भएपछि शुक्रबार महानगरपालिकाले श्रद्धाञ्जली सभाको आयोजना गर्दै शोक विदा दिएको छ । गत साउन ३१ गते राति वीरगंज महानगरपालिकाको वडा नम्बर १६ नगवा चोकमा बिआर २२ बिसी ०४९२ नम्बरको भारतीय कारले ठक्कर दिँदा महानगरको आइटी शाखाका कर्मचारी छपकैया निवासी २९ वर्षीय फयाजुल हक घाइते भएका थिए । उनको उपचारक्रमा भदौ ३ गते नारायणी बयोधा अस्पतालमा मृत्यु भएको थियो ।

दुर्घटनामा ठक्कर दिने कारको चालक २० बर्षिय किशोरी प्रिया कुमारी सर्राफ र राहुल कुमार सर्राफलाई प्रहरीले पक्राउ गरी सवारी ज्यान सम्बन्धी मुद्दामा अनुसन्धान प्रक्रिया अगाडी बढाएको छ । वीरगंज महानगरपालिकामा शुक्रबार आयोजित श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै महानगरपालिकाको उपमेयर इम्तियाज आलमले कर्मचारी फयाजुल हकको निधनप्रति समवेदना प्रकट गर्दै दोषीलाई कडा कारवाही गर्नुपर्ने माग राखे । वीरगंज महानगरपालिका कर्मचारी एशोसिएशनको तर्फबाट आयोजित श्रद्धाञ्जली सभामा हकको स्मृतिमा मैनबत्ती बालेर शोक व्यक्त गरिएको थियो । कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, कर्मचारी एशोसिएशनका अध्यक्ष मुकेश गुप्तालगायत
महानगरपालिकाका विभिन्न महाशाखाका प्रमुखहरु, अधिकृतहरु, कर्मचारी, नगरप्रहरी, सरसफाइकर्मीको सहभागिता थियो ।

# कालिकामाईमा १९ गते गाउँ सभा गर्ने सहमति



**मधेशदृष्टि**
**वीरगंज ।**
कालिकामाई गाउँपालिकाका जनप्रतिनिधिबीच यही भदौ १९ गते गाउँ सभा गर्ने सहमति भएको छ । जिल्ला प्रहरी कार्यालय पर्सामा शुक्रबार बसेको बैठकमा उक्त सहमति भएपछि कालिकामाई गाउँपालिकामा लगाइएको ताला खुलेको छ । कालिकामाई गाँउपालिका कार्यालयमा करारका कर्मचारी, जनप्रतिनिधि र केही नेताहरुको सहयोगमा १४ दिनदेखि लगाएको तालाबन्दी शुक्रबार खुलाएको हो ।

करारका कर्मचारीहरु १४ महिना अगाडि कार्यपालिका बोर्डबाट पास गरी हटाएकोले यो वर्षमा म्याद थप्न नियमले नमिलेको कारण करारका कर्मचारीहरु हटाएको हो । हटाएको कर्मचारीहरुलाई सम्बन्धित निकाय अख्तियारलगायत कुनै कानुनबाट नमिलेको कारण म्याद थप नहुने प्रसाशनिक बैठकबाट सहमति भएको गाउँपालिका अध्यक्ष बशिष्ट कुमार गुप्ताले बताए ।

जिल्ला प्रहरी कार्यालय पर्सामा बसेको बैठकमा कर्मचारी राख्ने कुनै सहमति नभएपछि जनप्रतिनिधिहरुले गाउँ सभा गर्ने अवाज उठाएपछि १९ गते गाउँ सभा गर्ने सहमति बनेको हो । गाउँपालिकामा लगाएको ताला जनप्रतिनिधिहरुले शुक्रबार खोलेको गाउँपालिका अध्यक्ष गुप्ताले बताए । १४ महिना पहिला करारको कर्मचारी हरुलाई हटाएको थियो । अहिले आएर बिगत १४ दिनदेखि राजनितीक उसकावामा परेर स्वास्थ्य कर्मचारी, जनप्रतिनिधि, गाँउपालिका कार्यालयमा ताला बन्दी गरिएको बताइएको छ ।

# अहिलेको सरकार मुलुकको अग्रगतिका लागि होः मन्त्री



**महोत्तरी ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वर्तमान सरकार मुलुकको अग्रगतिका लागि बनेको बताएका छन् । स्थिर सरकार नबन्दा जनतामा बढेको निराशा चिर्न वर्तमान गठबन्धन सरकार बनेको उनको भनाइ छ । वैदेशिक रोजगार विभागले शुक्रबार महोत्तरीको बर्दिबासमा आयोजना गरेको रोजगार अनुमति प्रणाली (इपिएस) सम्बन्धी छलफल कार्यक्रममा उनले वर्तमान गठन्धनको सरकार बनेदेखि नै जनतामा अब राजनीतिक स्थायित्व हुने आशा जागेको पनि उल्लेख गरे । 'जनतामा एउटा भरोसा जागेको छ, अब सरकार र राजनीतिक दलले त्यो भरोसालाई विश्वासमा परिणत गरेर देखाउनुपर्छ' मन्त्री भण्डारीले भने ।

वैदेशिक रोजगारीमा जाने मधेशको संख्या उल्लेख्य भए पनि त्यो खाडी मुलुक र मलेसियामा सीमित रहेको भन्दै उनले आकर्षक रोजगारको अवसरमा सबैको पहुँच बढाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको वैदेशिक रोजगार विभागले सचेतना बढाउन जरुरी रहेको धारणा राखे । कार्यक्रममा इपिएसमार्फत दक्षिण कोरिया जान चाहने नेपाली नागरिकका लागि अनिवार्य मानिने कोरियन भाषा परीक्षा र यससँग जोडिएका प्रक्रियाबारे श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले जानकारी गराएका थिए ।

कार्यक्रममा मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री कौशलकिशोर राय, शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी र जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णसहितले वैदेशिक रोजगारी क्षेत्रका चुनौती र अवसरबारे चर्चा गरे । कार्यक्रममा मधेस प्रदेशसभाका सदस्यहरू जयनुल अन्सारी, रमिला प्रधान र शारदा थापा, महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, महोत्तरीका १५ वटै स्थानीय तहका प्रमुख, रोजगारसम्बन्ध संस्था (म्यानपावर) का प्रतिनिधिको सहभागिता रहेको थियो । रासस

# विपदमा परी १९५ को मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी शुक्रबार दिउँसोसम्म एक सय ९५ जनाको मृत्यु भएको छ । बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेश प्रदेशमा आठ, बागमती प्रदेशमा ३६, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी एक सय ९५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

उनका अनुसार बाढी पहिरोमा परी काठमाडौँ उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेश प्रदेशमा १२, बागमती प्रदेशमा २७, गण्डकी प्रदेशमा ४७, लुम्बिनी प्रदेशमा १९, कर्णाली प्रदेशमा ५९ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी दुई सय ४७ जना घाइते भएका छन् ।

बाढीपहिरोका कारण काठमाडौँ उपत्यकामा २८ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा ४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा एक सय एक जना गरी आज सम्म जम्मा दुई सय दश जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताए । उनले भने, 'बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई जना, मधेस प्रदेशमा एक जना, बागमती प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ४९ जना वेपत्ता भएका छन् । वेपत्ताको खोजी कार्य जारी छ ।'

बाढीका कारण हालसम्म जम्मा चार सय आठ घर डुबानमा परेका प्रहरीले जनाएको छ । तीन सय ४२ वटा घर, एक सय २१ वटा गोठ, ५१ वटा पुल, छ वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ ।

बाढी पहिरोले नौँ सय नौँ वटा पशु चौपायको मृत्यु भएको छ । उक्त अवधिमा विपद्का घटनाबाट पाँच हजार आठ सय ८३ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले जानकारी दिए ।

# पाँच सय बिघामा लगाइएको केराको बोट सुक्यो

**राजविराज ।**
यहाँको हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नम्बर १ स्थित कङ्कालिनी भगवती मन्दिरदेखि पूर्व कोसी किनारमा किसानले लगाएको केराको बोट सुक्न थालेको छ । केराखेतीमा बाढी पसेर बोटै सुक्न थालेपछि उनीहरु चिन्तित बनेका छन् । स्थानीय किसान दिनेशकुमार राउतले निरन्तरको वर्षाले केरा बगान डुबानमा परेपछि बोटै सुक्न थालेको जानकारी दिए । असार साउनमा आएको बाढीले केराबारीमा पानी जमेका कारण केराको बोट सुक्न थालेको किसानको भनाइ छ ।



एक बिघा क्षेत्रफलमा केराखेती गर्न एकपटकमा दुई लाख रुपैयाँभन्दा बढी खर्च हुन्छ । तर बाढीले पाँच सय बिघा क्षेत्रफलको केरा मासिनेगरी करोडौँको क्षति पु¥याएको उनीहरु बताउँछन् ।

केराखेती गरिएको ठाउँमा पसेको पानी निकासी हुने ठाउँ नभएकाले केराको बोट पानीले गलेर नष्ट भइरहेको हनुमान नगरकङ्कालिनी नगरपालिका वडा नम्बर १ भारदहका किसान बच्चालाल मण्डलले बताए । जग्गा धनीसँग वार्षिक भाडामा लिएबापत एक बिघा जग्गाको ३० हजार रुपैयाँ तिर्नुपर्छ । कोसी किनारमा किसानले लगाएको केरा छठको बेला बढी बिक्री हुने गर्दछ । केराखेतीमा विभिन्न प्रकोपको समस्या खेपिरहेका किसानहरुमा बाढीको चपेटा थपिएको हो ।

केराखेतीबाट दशैँ तिहारका बेला राम्रो आम्दानी गर्दै आए पनि यस वर्ष बाढीले केराका बोट नै नष्ट गरेको केराखेती तथा व्यापार गर्दै आएका इनर्देव लोगीले बताए । केराखेती नष्ट हुँदा घर खर्चसमेत चलाउन समस्या हुने अवस्था आएको भलुवाका किसान दिलीप यादव बताउँछन् । उनले भने, 'बैंकबाट ऋण लिएर केराखेती गरेको थिएँ तर एक्कासी बाढी पसेर केराको बोट सुक्दा लगानी त गयो गयो मेहनत खेर जाने भयो ।'

किसानले हालसम्म कुनै निकायबाट सहयोग नपाएको गुनासो गरेका छन् । वैशाखमा पनि पानीसँगै हावाहुरी आउँदा केरा ढलेर क्षति पुगेको थियो । यस क्षेत्रमा उत्पादित केरा राजधानी काठमाडौँ, पश्चिम नेपालगञ्ज, पुर्वमा काँकरभिट्टासम्म बिक्रिका लागि पुऱ्याइने गरेको छ । रासस




**विधेयक प्रमाणिकरण :** स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीद्वारा प्रमाणिकरण ।

# एम्बुलेन्समा तोडफोड गरेपछि सडक अवरोध

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीका एम्बुलेन्स चालकहरूले राजविराजमा स्वास्थ्य कार्यालय अगाडि शुक्रबार बिच सडकमै एम्बुलेन्स रोकेर सडक अवरोध गरे । राजविराजबाट बिरामी बोकेर पूर्वतर्फ लैजाँदै गर्दा हनुमाननगरमा आन्दोलनकारीहरूले एम्बुलेन्स तोडफोड गरे पछि एम्बुलेन्स चालकहरू विरोधमा उत्रिए । गर्भवती महिलालाई बोकेको स.१च १८१४ नम्बरको एम्बुलेन्समा आन्दोलनकारीहरूले तोडफोड गरेको एम्बुलेन्स चालक जबाहिर मन्सुरीले बताए ।

आन्दोलनकारीहरूले एक एम्बुलेन्स चालक महिनारायण यादवलाई कुटपिटसमेत गरेको र उनी गजेन्द्रनारायण सिंह अस्पतालमा उपचाररत रहेका मन्सुरीले बताए । हनुमाननगरमा बिहीबार भएको दुर्घटनामा एकजनाको मृत्यु भएपछि स्थानीयहरू आन्दोलनमा छन् । सो आन्दोलनमा संलग्नहरूले एम्बुलेन्ससमेत तोडफोड गरेपछि चालकहरू विरोधमा उत्रिएका हुन् ।

# धानबालीमा रोगको प्रकोप

**मधेशदृष्टि**
**वीरगंज ।**
बर्षा र डुवानसँगै पर्सामा यस वर्ष धानखेतीमा विभिन्न रोग र किराहरुको प्रकोप बढ्दै गएको छ । समयमा रासायनिक मल नपाउने समस्याले चिन्तित किसान अहिले धानबालीमा लागिरहेको रोगकोकारण चिन्तित बनेका छन् । विशेषगरी पर्साको ठोरी, जिराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिकासहित पर्सागढी, पोखरीया, बहुदरमाई नगरपालिका क्षेत्रमा लगाइएको धानबालीमा रोगको प्रकोप देखा परेको किसानहरुले बताएका छन् । सोना मंसुली, भदई मंसुली, मनी मंसुली जातका बालीमा रोगको प्रकोप देखा परेको छ ।



धानको गुभामा रोग लाग्दा जरा कुहिने समस्या बढदै गएसँगै बोट नै मर्ने गरेको किसानहरुको भनाइ छ । कृषि विज्ञहरुले यो रोग सिथ ब्लाइट भएको बताएका छन् । अघिल्लो वर्षसम्ममा यो रोग सोना मंसुली जातको बालीमा लाग्ने गरेको भए पनि यस पटक अन्य प्रजातीको धान बालीमासमेत यस्तो रोगको प्रकोप देखिएको किसानहरुले बताएका छन् ।

कृषि विज्ञको सुझाव अनुसार रोकथामका लागि किटनाशक औषधी छरे पनि प्रकोपमा कमी नआएको र धानबालीमा पनि रोग लागेर धानको टुपो सुक्न थालेको जगरनाथपुर गाउँपालिका वडा नम्बर ३ का किसान गुलाब प्रसाद यादवको भनाइ छ । बिरुवा हरियो भएपनि बाला निस्किने भाग नै सुकेपछि बाली नै नष्ट हुने समस्याले बढ्दै गएको यादवले जानकारी दिदै रोपाई भएको दुई साता नबित्दै बालीमा रोग लाग्न थालेपछि किसानहरु चिन्तित भएको सुनाए । ठोरी गाउपालिका वडा नम्बर ५ गड्वालाइनका किसान देवी प्रसाद दहालले कहिल्यै नदेखिएको यो रोग देखिएपछि आफूहरुले कृषि विज्ञको सल्लाहमा किटनाशक औषधीको प्रयोग गरेको र हाल केही हदसम्म रोग नियन्त्रणमा आएको बताए ।

# एकीकृत भएर नव संघर्षको उठान गर्न नेता महतोको आह्वान


राष्ट्रिय मुक्ति क्रान्ति
National Liberation Revolution
केन्द्रिय कार्यालय, काठमाण्डौ



**मधेशदृष्टि**
**वीरगंज ।**
टीकापुर घटना भएको ९ वर्ष पूरा भएको छ । राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले सो अवसरमा थारु समुदायलगायत सम्पूर्ण उत्पीडित समुदायमा अब छुट्टा छुट्टै नभई एकीकृत भएर नव संघर्षको उठान गर्न आह्वान गरेका छन् ।
२०७२ भदौ ७ गते कै दिन कैलालीको टीकापुरमा स्वायत्त थारुहट प्रदेश माग गर्दै लाखौं थारुहरु आन्दोलित भएको थियो ।
'सोही भिडमा सुनियोजित ढंगले प्रहरी र बालकको ज्यान जानेगरी दुःखद घटना भएको थियो । शान्तिपूर्ण राजनैतिक आन्दोलनमा यस प्रकारको हिंसात्मक घटना निश्चय नै दुःखद हो । मृतकहरु प्रति हार्दिक श्रद्धान्जली छ । तर उक्त घटनाको भोलिपल्ट भदौ ८ गते प्रशासनले कर्फ्यु जारीकै समयमा, प्रशासनको सुरक्षामा केहि अराजक अपराधीहरुले थारु समुदायका ८० भन्दा बढी घर, पसल, एफ एममा आगजनी गरिएको थियो । सोही भदौ ७ गतेको घटना अभियोगमा रेशम चौधरी लगायत ५२ जना माथि झुठा मुद्दा लगाइयो । तर ८ गते भएको घटनाको बारेमा राज्य मौन बस्यो । बरु टिकापुर घटना भएपश्चात थरुहट आन्दोलनकर्मी नेता कार्यकर्ताहरू उपर सुनियोजित ढंगले झुठा मुद्दा लगाएर फसाउनुका साथै अदालती प्रक्रियाबाट झनै जटिल बनाइयो ।' शुक्रबार अभियानका संयोजक महतोद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।
नेता महतोले घटनामाथि सत्यतथ्य छानबिन गर्न गठित लाल आयोगको प्रतिवेदन, गृहमन्त्रालद्वारा राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख देवीराम शर्माको संयोजकत्वमा गठित छानबिन आयोगको प्रतिवेदन र सर्वदलीय संसदीय समितिको प्रतिवेदन सार्वजनिक गर्नुको सट्टा अदालतद्वारा अपराधि करार गराई आम माफी माग्न लगाई केहि राजबन्दीलाई गरिएको रिहाइले त थारु राष्ट्रलाई अपराधि नै होस् भन्ने मनोविज्ञानमा पुर्याई दिएको उल्लेख गरेका छन् ।
'टिकापुर बिद्रोहलाई यसरि दबाइयो कि त्यस भेगका थारुहरु बिस्थापित हुनुपर्यो, रहेका बचेकाहरु प्रताडित हुनुपर्यो । त्यसपछि त राजबन्दी रिहाइ बाहेक मुद्दा नै बन्न सकेन र त्यो पनि माफिनामामा गएर खस्कियो । यसले गर्दा अझै पेल्न सकिन्छ कि भनेर थारु लगायत उत्पीडित माथि झुठा मुद्दा लगाएर शोषण, दमन गरिरहेको छ र थारुहरु लगायत उत्पिडितहरु पनि दमित अवस्थामा बाचिरहेका छन्', विज्ञप्तीमा भनिएको छ ।
नेता महतोले अब थारु, जनजाति, मधेशी मिलेर मुलुकमा राष्ट्रिय विद्रोह गर्ने र त्यसैको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति स्थापना भएको उल्लेख गरेका छन् ।

# कोल्हवीमा पाँच बर्षिया बालिका बलात्कृत

**मधेशदृष्टि**
**बारा ।**
बाराको कोल्हवीमा पाँच बर्षिया बालिका श्रावण २७ गते बलात्कृत भएको घटना बाहिरिएको छ । कोल्हवी नगरपालिकामा भएको उक्त घटना बालिकाले परिवारलाई जानकारी दिए पछि उक्त घटना बाहिर आएको हो ।
बालिकाले आफ्नो आमालाई आफुलाई पिसाब फेर्न अप्ठ्यारो भएको र दुखेको बताए पछि कोल्हवी बजार स्थित जननायक अस्पतालमा चेक जाचका क्रममा नाबालिक बलात्कृत भएको जानकारी डाक्टरले परिवारलाई दिएको थियो ।
श्रावण ३० गते चेक जाचका क्रममा अस्पतालले उक्त कुरा भने पछि बालिकाकी आमाले इलाका प्रहरी कार्यालय काल्हवीमा जबर्जस्ती करणी सम्बन्धी निवेदन दिएकी थिईन ।
जाहेरी लगत्तै ई.प्र.का कोल्हवीले आरोपिलाई पक्राउ गरेको थियो । पक्राउ पछि पीडित नाबालिकाको बलात्कृत पुष्टिका लागि स्वाब परीक्षण गर्दा बलात्कार भएको पुष्टि भए पछि आरोपित १४ बर्षिया बालकलाई शुक्रबार पुर्पक्षका लागि बाल सुधार गृह वीरगंज पठाईएको छ ।

# पूर्वाधार क्षेत्रमा लगानी भित्र्याउने लक्ष्यका साथ 'पूर्वाधार सम्मेलन'

**काठमाडौँ ।**
पूर्वाधार क्षेत्रमा लगानीको विविधता खोज्ने तथा औद्योगिक वातावरण तयार खोज्ने उद्देश्यका साथ यही भदौ २७ र २८ गते पाँचौ पूर्वाधार सम्मेलनको आयोजना हुने भएको छ । पूर्वाधार क्षेत्रमा नवप्रवर्तनको प्रवद्र्धन, रोजगारी सिर्जना गर्दै समग्र आर्थिक विकासका लागि नेपाल उद्योग परिसङ्घको आयोजनामा उक्त सम्मेलन आयोजना हुन लागेको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । परिसङ्घ मुख्य आयोजक रहने उक्त सम्मेलनको सहआयोजकमा लगानी बोर्डको कार्यालय रहेको छ । समृद्ध अर्थतन्त्र निर्माणको आधार पूर्वाधार विकास भएकाले त्यसलाई प्रमुख प्राथमिकतामा राखेर आयोजना हुने सम्मेलनको मुख्य नारा 'रणनीतिक लगानीमार्फत दिगो विकास' रहेको छ । दिगो विकास लक्ष्य हासिल गर्न सन् २०३० सम्म वार्षिक २० खर्ब रुपैयाँ बढी लगानी जरुरी रहेको छ । राष्ट्रिय योजना आयोगले तयार पारेको विवरण अनुसार, पूर्वाधारको विकासका लागि एकीकृत एवम् सामूहिक लगानीको जरुर छ । परिसङ्घको अध्ययन अनुसार दिगो विकास लक्ष्य हासिल गर्न पूर्वाधार क्षेत्रमा मात्रै एक खर्ब ३० अर्ब अमेरिकी डलर लगानी आवश्यक रहेको उल्लेख छ । परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालका अनुसार, पूर्वाधार क्षेत्रमा स्रोतको अभाव भइरहेको बेला सम्मेलनले एउटा मार्ग तय गर्नेछ । पूर्वाधारमा धेरै लगानी आवश्यक तर स्रोतको अभाव भइरहेको अवस्थामा के कसरी स्रोत जुटाउन सकिन्छ र अन्तर्राष्ट्रिय अभ्यास के छन् भन्ने बारेमा गहन रुपमा सम्मेलनमा छलफल हुने उनले जानकारी दिए ।
लगानी बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत प्रद्युम्नप्रसाद उपाध्यायले गत लगानी सम्मेलनका क्रममा शो केशमा राखिएका आयोजनालाई सम्मेलनका क्रममा पुनः पछिल्ला प्रगतिसहित प्रस्तुत गरिने बताए । पूर्वाधारका लागि लगानी प्रवद्र्धन, पूर्धार विकासका सफल अभ्यास, पूर्वाधार क्षेत्रको विकासमा रहेका अवरोधलगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्वाधार विज्ञ, लगानीकर्ता, तीनै तहका सरकार र निजी क्षेत्रका प्रतिनिधिबीच गहन छलफल हुनेछ ।
रासस

# सहकारी प्रकरणमा पूर्वगृहमन्त्री लामिछानेसँग सोधपुछ



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले गोरखा मिडिया नेटवर्क प्रालिका पूर्व सञ्चालक एवम् प्रबन्ध निर्देशक रवि लामिछानेसँग सोधपुछ गरेको छ । समितिको शुक्रबार बसेको बैठकमा समितिको कार्यविधिअनुसार विभिन्न सहकारी र कम्पनीको रकम दुरुपयोगमा संलग्नका रुपमा आरोपितमध्ये पूर्वउपप्रधानमन्त्री समेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति लामिछानेसँग सोधपुछ गरिएको समिति सभापति सूर्य थापाले जानकारी दिए । समिति सचिव बविता मिश्रकाअनुसार गोरखा मिडिया नेटवर्क प्रालिका पूर्व सञ्चालक छविलाल जोशीसँग पनि सोधपुछ गरिएको थियो । समितिले विभिन्न सहकारी र कम्पनीको रकम दुरुपयोगमा सङ्लग्नको रुपमा आरोपित व्यक्तिहरुसँग सोधपुछ तथा बयान लिइरहेको छ ।
सोही क्रममा रास्वपाका सभापति लामिछानेसँग बयान लिएका हो ।
बयानका क्रममा उनले गोरखा मिडिया नेटवर्कमा सहकारीबाट आएको ऋणको जिम्मा लिन आफू बाध्य नहुने बताएका छन् । शुक्रबार समितिमा बयान दिँदै उनले आफूले गोरखा मिडिया नेटवर्कमा कुनै लगानी नगरेको भन्दै १५ प्रतिशत 'स्वेट सेयर' लिएको बयानको क्रममा बताएका हुन् । लामिछानेले समितिमा बयान दिँदै आफूले मिडियामा एक रुपैयाँ पनि लगानी नगरेको दाबी गरेका छन् । 'म सहकारीको सदस्य हैन र कुनै पनि लोन सहकारीबाट लिएको छैन । म सहकारीबाट मिडियाले लिएको लोनको जिम्मा लिन सक्दिनँ,' लामिछानेको बयानमा भनेका छन् ।
विभिन्न सहकारी संस्थाका सदस्य (शेयरधनी) एवम् बचतकर्ताको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन भएको विषयमा अध्ययन गर्ने कार्यादेश समितिले पाएको छ ।
विभिन्न सहकारी संस्थाहरुबाट प्रवाह भएको रकमको स्थिति, सो रकम गैरकानुनी रुपमा प्रवाह भए वा नभएको र त्यस्तो गैरकानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरुको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिलाई कानून बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने कार्यादेश समितिले पाएको छ ।
छानबिन समितिले समस्याग्रस्त घोषणा भएका र सामाजिक रुपमा प्रश्न उठेका सहकारी संस्थाहरुको अध्ययन गरिरहेको छ ।
समस्याग्रस्त घोषणा भएका बाहेक स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी, सुमेरु बचत तथा ऋण सहकारी, सूर्यदर्शन बचत तथा ऋण सहकारी, सुप्रिम बचत तथा ऋण सहकारी, पर्सा जिल्लाको सानो पाइला बचत तथा ऋण सहकारी, समानता बचत तथा ऋण सहकारी, इमेज बचत तथा ऋण सहकारी, आइडियल यमुना बहुउद्देश्यीय संस्थाको रकम हिनामिना भएको विषयमा समितिले अध्ययन गरिरहेको छ ।

# 'इन्टर्न'को व्यवस्था मिलाउन पहल गर्छुः प्रचण्ड



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बङ्गलादेशबाट फर्केका मेडिकल विद्यार्थीलाई नेपालमा इन्टर्नको व्यवस्था मिलाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
केही समयअघि बङ्गलादेशमा आएको असहज परिस्थितिका कारण स्वदेश फर्केका विद्यार्थीसँग शुक्रबार भएको भेटमा अध्यक्ष दाहालले विशेष परिस्थितिका कारण एकपटकका लागि नेपालमा इन्टर्नको व्यवस्था गर्न सकिने भएकाले आफूले सरकारसँग छलफल गर्ने बताए । उनले यसबारेमा सरकारसँग छलफल गर्ने र विशेष परिस्थितिका कारण एकपटकलाई मुलुकमै इन्टर्नको व्यवस्था मिलाउन पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । भेटमा विद्यार्थीहरुले बङ्गलादेशमा असहज अवस्था आएपछि इन्टर्न छाडेर आएको र विशेष परिस्थितिमा नेपालमा इन्टर्न गर्न पाउने कानुनी व्यवस्था रहेकाले त्यसका लागि पहल गरिदिन आग्रह गरेका थिए । सोही क्रममा अध्यक्ष दाहालले मेडिकल काउन्सिलका रजिस्ट्रार सतिशकुमार देवलाई फोन गरी सोसम्बन्धमा जानकारी लिएका थिए ।
रजिस्ट्रार देवले शिक्षा, परराष्ट्र र स्वास्थ्य मन्त्रालयले विशेष परिस्थितिका कारण एकपटकका लागि इन्टर्न गर्न दिने निर्णय गरिसकेको उल्लेख गर्दै र मन्त्रिपरिषद्बाट निर्णय भएको खण्डमा यो व्यवस्था मिलाउन सकिने जानकारी गराएका थिए । रासस

# आँखा उपचार केन्द्र'को सञ्जाल विस्तारगर्दै भरतपुर आँखा अस्पताल

**चितवन ।**
पछिल्लो समय नेपाल नेत्रज्योति संघ चितवनले आफ्नो सञ्जाल शहरदेखि ग्रामीणतहसम्म विस्तार गरेको छ । भरतपुरमा संघद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालले छिमेकी जिल्लाहरुमा समेत आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ ।
भरतपुर आँखा अस्पताल बाहेक अन्य दुई सेकेण्डरी अस्पताल, एउटा सिटी क्लनिक र १८ आँखा उपचार केन्द्र संघद्वारा सञ्चालित छ । भरतपुर अस्पतालले चितवनका सातै पालिकामा आँखा उपचार केन्द्र सञ्चालनमा ल्याएको छ । भरतपुर महानगरपालिकाको चनौली र शिवनगर, माडी, राप्ती, खैरहनी, रत्ननगर, कालिका नगरपालिका र ईच्छाकामना गाउँपालिकामा यस्ता केन्द्र सञ्चालित छन् ।
संघद्वारा भरतपुरको नारायणगढमा 'सिटी क्लिनिक' सञ्चालित छ । नवलपरासी (सुस्ता बर्दघाट पूर्व) को हुप्सिकोट, मध्यविन्दु, बौदिकाली, गैंडाकोटमा केन्द्र छन् । कावासोतीमा सेकेण्डरी अस्पताल सञ्चालित छ ।
धादिङको सल्यानटार र बेनिघाट, तनहुँको



आँबुखैरहनी र भानु नगरपालिका, सर्लाहीको ईश्वरपुर, सिन्धुलीको दुधौली र बाराको सिम्रनगढमा आँखा उपचार केन्द्र छन् भने पर्साको ठोरीमा सेकेण्डरी अस्पताल छ । संघका सभापति एवं अस्पताल सञ्चालक समितिका अध्यक्ष जयराम श्रेष्ठले आवश्यक स्थानमा आँखा उपचार केन्द्र विस्तार गर्दै लगिएको बताए । अधिकांश केन्द्र र अस्पतालका प्रमुख पालिकाका प्रमुख एवं अध्यक्ष रहेको व्यवस्था गरिएका छन् । स्थानीयहरुको आँखा उपचार केन्द्र सहयोग समितिले केन्द्रको रेखदेख गर्दै आएको छ । स्थानीय पालिकाको सहकार्यमा अधिकांश केन्द्र सञ्चालन गरिएको छ ।
अस्पतालले गत आर्थिक वर्षमा तीन लाख ४० हजार दुई सय ६२ जनालाई आँखाको उपचार गरेको छ । अघिल्लो आर्थिक वर्षमा यो संख्या तीन लाख २१ हजार छ रहेको थियो । झण्डै छ प्रतिशत बढी बिरामीलाई अस्पतालले सेवा दिएको हो । अस्पतालका सूचना अधिकारी रमेश घिमिरेका अनुसार बाह्य शिविरबाट ३९ हजार २३ जनालाई सेवा दिइएको छ । विद्यालयमा पुगेर ३५ हजार चार सय ८० बालबालिकाको आँखा परीक्षण गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन